का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ मंसिर २०८२
सोमबार
24 November 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २८४ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# रास्वपामा कलह
## रविको साथ छोड्दै नेताहरू

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ७ मंसिर

पार्टीका प्रभावशाली नेताहरूको विकल्प खोज्दै पलायन हुँदा वैकल्पिक राजनीतिक धारको नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कमजोर बन्दै गएको छ। पुराना दललाई पाखा लगाउने योजनासहित स्थापित रास्वपाका केन्द्रीयदेखि जिल्ला तहका नेताहरूले धमाधम पार्टी छाड्ने अभियान नै चलाएका छन्।

रास्वपा छाडेका नेताहरू विकल्पको खोजिमा लागेका छन्। विघटित प्रतिनिधि सभामा प्रमुख सचेतक सन्तोष परियारले रास्वपा छाडेर गएको दुई सातामै काठमाडौं जिल्ला सभापति प्रदीप विष्टले राजीनामा दिए। उनले आइतबार सभापतिबाट राजीनामा दिएको बताए। यीबाहेक रास्वपाका दर्जन बढी स्थापित नेताहरूले पार्टी छाडिसकेका छन्। समानुपातिक सांसद हुँदै प्रमुख सचेतकको भूमिकामा पुगेका सन्तोष पछिल्लो समय भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि रास्वपामा नेतृत्व परिवर्तन र रूपान्तरणको मुद्दा उठाउनेमध्येका एक थिए। 'नेपाली राजनीतिक आन्दोलनको पुनर्संरचना, अवधारणाको पुनःपरिभाषा र संगठनहरूको पुनर्गठन गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी बोध गरेर फरक अभियानमा सक्रिय भएको हुँ,' उनले भने।

पार्टी छाडेलगत्तै उनी डा. बाबुराम भट्टराई, जनार्दन शर्मा, राम कार्की, सुदन किरातीलगायत नेताहरूसँगको सहकार्यमा नयाँ पार्टी खडा गरेर नयाँ अभियानमा लागेका छन्। प्रगतिशील लोकतान्त्रिक पार्टी(प्रलोपा)ले आइतबार नै घोषणा सभा गरेको छ। यससँगै पाँच जना अध्यक्ष मण्डलको टुंगो लगाएको छ। राष्ट्रिय सभा गृहमा पार्टी एकता घोषणापश्चात् साबिक नेसपा (नयाँ शक्ति)का संयोजक दुर्गा सोव, प्रगतिशील राष्ट्रिय अभियानको संयोजक सुदन किराती, रास्वपाबाट विद्रोह गरेका सन्तोष परियार, पूर्वमाओवादीका नेता अशोक जैसवाल र जेनजी अगुवा ओजस्वी भट्टराईको अध्यक्ष मण्डल बनाएका छन्। केही समयअघि रास्वपा छाडेका परियारले पार्टीभित्र भविष्य नदेखेपछि विकल्प खोजेको बताएका थिए।

उनले नख्खु कारागारबाट सभापति लामिछानेलाई र्‍यालीसहित बाहिर निकालेकामा पार्टीलाई क्षति पुगेको असन्तुष्टि राखे पनि नेताहरूले उनीमाथि फरक दृष्टिकोणले हेर्न गरेका थिए। यथास्थितिमा पार्टी अघि बढ्न नसक्ने भएकाले मंसिरमा विशेष महाधिवेशन गरेर नयाँ नेतृत्वको चयनको पक्षमा उभिएका परियार अन्ततः पार्टीनै छाड्नुपर्ने अवस्थामा पुगेका हुन्। 'सभापति लामिछाने र उनको पक्षको दबदबा रहेको पार्टीमा >>> पृष्ठ २ मा



पार्टीमा विभिन्न व्यक्ति आउने जाने भइरहन्छ। त्यसलाई वैरभावका रूपमा हेर्नुहुँदैन। रास्वपाबाट जानेभन्दा आउनेहरू नै बढी रहेकाले वैकल्पिक राजनीतिक शक्ति निर्माणको अभियानमा छौं।

**● मनीष झा**
**प्रवक्ता, रास्वपा**



नेपाली राजनीतिक आन्दोलनको पुनर्संरचना, अवधारणाको पुनःपरिभाषा र संगठनहरूको पुनर्गठन गर्नुपर्ने ऐतिहासिक जिम्मेवारी बोध गरेर फरक अभियानमा सक्रिय भएको हुँ।

**सन्तोष परियार**
**पूर्वनेता, रास्वपा**



समस्या छन्, समाधान खोजौं। जानेलाई लगाउने आरोप होइन, छाड्नुको कारण खोजौं। सामूहिक प्रयास, सामूहिक निर्णयको अभ्यास गरौं।

**● गणेश कार्की**
**केन्द्रीय सदस्य**

# जेनजी आन्दोलनले ल्यायो दल खोल्ने लहर

एकातिर पुराना राजनीतिक दलहरू ध्रुवीकरणमा लागेका छन्। अर्कोतिर नयाँ दलहरू खुल्नेक्रम पनि बढ्दो छ।

## थपिएका दलहरू


**हर्कराज राई**
श्रम संस्कृति पार्टी


**दिनेशराज प्रसाई**
गतिशील लोकतान्त्रिक पार्टी


**कविर सोप**
नागरिक उन्मुक्ति पार्टी, नेपाल


**राजेश प्रतेल**
राष्ट्रिय परिवर्तन पार्टी


**रियाज अहमद शेष**
राष्ट्रिय जनमत पार्टी


**प्रशान्त सिंह**
पिपुल फर्स्ट पार्टी


**नेत्रविक्रम चन्द (विप्लव)**
नेपाल कम्युनिस्ट पार्टी (माओवादी)


**योगेन्द्र मण्डल**
राष्ट्रिय ऊर्जाशील पार्टी, नेपाल


**अकबर खान**
राष्ट्र निर्माण दल नेपाल


**अनुपकुमार उपाध्याय**
उज्यालो नेपाल पार्टी


**खगेन्द्र सुनार**
हाम्रो पार्टी नेपाल


**सत्यवान कुमार सिंह**
स्वाभिमान पार्टी


**रत्नप्रसाद श्रेष्ठ**
नागरिक सर्वोच्चता पार्टी नेपाल

दर्ता दलको संख्या १ सय ३२ पुगेको छ। यसमध्ये १३ वटा दल नयाँ दलहरू हुन्।



**■ नारायणप्रसाद भट्टराई**
**प्रवक्ता, निर्वाचन आयोग**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ मंसिर

जेनजी आन्दोलनपछि राजनीतिक दलहरूमा ध्रुवीकरण र नयाँ दल खोल्ने लहर नै ल्याएको छ। कतिपय पुराना राजनीतिक दल एकअर्कोमा गाभिने र नयाँ शक्ति निर्माणमा लागेका छन्, कतिपय दलका दोस्रो र तेस्रो तहका नेताहरूले नयाँ पार्टी र अभियान सुरु गरेका छन्। यस्तैमा नयाँ दल खोल्नेहरू पनि उत्तिकै छन्।

निर्वाचन आयोगका अनुसार जेनजी आन्दोलनयता मात्रै १३ वटा नयाँ दल आएका छन्। जसले निर्वाचन आयोगबाट आधिकारिता पाइसकेका छन्। यसमा अझ केही दल थपिने क्रममा छ।

आइतबारसम्मको तथ्यांकअनुसार १३ वटा नयाँ दलले आधिकारिता पाएका हुन्। जेनजी आन्दोलनपछि जन्मिएका दलहरूमा हर्कराज राई (हर्क साम्पाङ) नेतृत्वको श्रम संस्कृति पार्टी छ। साम्पाङ धरानका मेयर हुन्। दिनेशराज प्रसाईंको नेतृत्वमा गतिशील लोकतान्त्रिक पार्टी बनेको छ। यो पार्टीमा व्यवसायी वीरेन्द्रबहादुर बस्नेत पनि छन्। प्रसाईं भने समाजशास्त्री हुन्।

रेशम चौधरी संरक्षक रहेर नागरिक उन्मुक्ति पार्टी, नेपाल बनेको छ। यो पार्टीको अध्यक्षमा कविर सोप रहेका छन्।

राजेश प्रतेल नेतृत्वमा राष्ट्रिय परिवर्तन पार्टी, रियाज अहमद शेषको संयोजकत्वमा राष्ट्रिय जनमत पार्टी बनेको छ। नेत्रविक्रम चन्द (विप्लव) पनि पहिलोपटक संसदीय चुनाव लड्दै छन्। उनको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बनेको छ।

अकबर खानले राष्ट्र निर्माण दल नेपाल बनाएका छन्। योगेन्द्र मण्डलको नेतृत्वमा राष्ट्रिय ऊर्जाशील पार्टी, नेपाल छ। मण्डल विघटित प्रतिनिधि सभा सदस्यसमेत हुन्। प्रशान्त सिंहले पिपुल फर्स्ट पार्टी बनाए। पूर्वसचिव अनुपकुमार उपाध्यायको नेतृत्वमा >>> पृष्ठ २ मा



# मिसिल खोज्दै सर्वोच्च अदालत

नष्ट भएका मिसिल कागजातको प्राप्तिका लागि सर्वोच्च अदालतले मुद्दाका पक्षहरू, कानुन व्यवसायीहरू, महान्यायाधिवक्ताको कार्यालय, सरकारी वकिल कार्यालय, नेपाल बार एसोसिएसनलगायतका निकायमा अनुरोधसमेत गरेको छ।



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ७ मंसिर

विगतमा प्रायः भिडभाड हुने सर्वोच्च अदालत हिजोआज शान्त छ। खण्डहर बनेको छ, भग्नावशेषजस्तै छ।

कम्प्युटर, प्रिन्टर र मिसिल राखिएका दराजका अस्थिपञ्जर मात्रै छन्। अदालतभित्र वर्षौं पुराना मिसिल जलेर खरानीमा परिणत छन्। न्यायाधीशका नाम लेखिएका ढोकाबाहिर निसानी छन् तर पीडित र पीडकका बहस गर्ने इजलास छैनन्।

२४ भदौमा सर्वोच्च अदालतसहित देशका धेरै संरचनामा आगजनी र तोडफोड भएको थियो। क्षति भएकै भवनबाट सर्वोच्च अदालतले सेवा भने दिइरहेको छ। सेवा सुरु गरे तापनि मिसिल कागजातको अभावले अप्ठ्यारो परेकै छ। यसकारण अदालत नष्ट भएका मिसिल खोज्दै छ। यसअन्तर्गत अदालतले नष्ट भएका मिसिल कागजातको प्राप्तिका लागि मुद्दाका पक्ष, कानुन व्यवसायी, महान्यायाधिवक्ताको कार्यालय, सरकारी वकिल >>> पृष्ठ २ मा



सिस्टममा भएका इजलासमा रहेका मुद्दाको निर्देशिका बनाइएको छ। मिसिल कागजात प्राप्ति र प्रमाणीकरण गरेर त्यसैलाई आधार मानेर मुद्दाको फैसला गर्छौं।

**■ निराजन पाण्डे**
सूचना अधिकारी
सर्वोच्च अदालत

**वैदेशिक रोजगार विशेष**

# जिसिसीद्वारा आप्रवासी कामदारलाई समयमै तलब दिन सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ मंसिर

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) र खाडी सहयोग परिषद् (जिसिसी) मुलुकका श्रम तथा सामाजिक मामिला मन्त्रिपरिषद्को कार्यकारी ब्युरोले सो क्षेत्रमा रहेका मुलुकले निजी क्षेत्रका आप्रवासी कामदारलाई समयमै सबै तलब दिइने प्रणाली निर्माणमा उल्लेखनीय प्रगति गरेको बताएका छन्। खाडी सहयोग परिषद्मा करिब १४ लाख नेपाली कार्यरत रहेको कतार, ओमान, बहराइन, कुवेत, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स गरी ६ मुलुक समावेश छन्।



खाडी सहयोग परिषद् देशहरूमा ज्याला संरक्षण प्रणाली शीर्षकको प्रतिवेदनले निजी क्षेत्रमा निष्पक्ष र पारदर्शी ज्याला अभ्यासलाई थप समर्थन गर्नु जरुरी रहेको बताइएको छ।

आइएलओ मुख्यालय जेनेभामा सो प्रतिवेदन सार्वजनिक गरिएको हो। प्रतिवेदनमा खाडी मुलुकमा आप्रवासी श्रमिकको सुरक्षाका लागि लागू गरिएको 'डब्लुपिएस' कार्यक्रमको प्रभावकारिता र कमजोरीबारे विभिन्न प्रश्न रहेको औंल्याइएको छ।

प्रतिवेदनले विगत डेढ दशकमा बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्ससहित ६ मुलुकले बैंकिङ प्रणालीमार्फत समयमै तोकिएको ज्याला भुक्तानी सुनिश्चित भएको उल्लेख गरेको छ।

खाडी मुलुकमा कामदारको तलब, रोजगारदाता परिवर्तन र आप्रवासी कामदारका अन्य अधिकार सुनिश्चित नभएको भन्दै अन्तर्राष्ट्रिय श्रम संगठन र पश्चिमी सञ्चारमाध्यमले पटकपटक प्रश्न उठाउने गरेका छन्। साउदी अरेबियाले गत अक्टोबरमा मात्रै ५० वर्ष पुरानो काफाला प्रणाली (प्रायोजन वा स्पोन्सर प्रणाली) अन्त्य गरेको थियो।

विदेशी श्रमिकहरूको जीवन र अधिकारहरूलाई नियन्त्रित गरेको प्रायोजक (स्पोन्सर) मोडेल साउदी अरबमा श्रम अधिकारहरूलाई सुधार गर्ने दिशामा ऐतिहासिक कदम भएको बताइएको छ। >>> पृष्ठ २ मा

# मातृभाषा बोल्न प्रोत्साहन

अब कुनै पनि निजी विद्यालयले नेपाली वा मातृभाषा बोलेका कारण विद्यार्थीमाथि कारबाही गर्न पाउने छैनन्। यस्तो कार्य गरे त्यो अदालतको प्रत्यक्ष अवहेलना र गैरकानुनी कार्य ठहरिनेछ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ मंसिर

निजी विद्यालयहरूले मातृभाषा बोलेका आधारमा विद्यार्थीमाथि कुनै पनि कारबाही वा सजाय गर्न नपाइने भएको छ। नेपाली भाषा वा आफ्नै मातृभाषा प्रयोग गर्दा कतिपय निजी विद्यालयहरूले कारबाही गर्ने गरेका छन्। यस्तो कार्यविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको थियो।

जसको सुनुवाइ गर्दै अदालतले मातृभाषा बोल्न प्रोत्साहन गर्नेगरी मातृभाषा बोलेकै आधारमा कुनै पनि कारबाही वा सजायजन्य कार्य नगर्न/नगराउन सम्पूर्ण निजी विद्यालयहरूलाई आदेश दिएको छ।

विद्यार्थी आयुष बडाल, स्मृति अधिकारी र विवेक वखेलले यससम्बन्धी रिट दर्ता गरेका थिए। जसमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले यसअघि नै अन्तरिम आदेश जारी गरेको थियो।

जसको अन्तिम फैसला यही मंसिर ३ गते सुनाइएको छ। सर्वोच्च अदालतका न्यायधीशद्वय टेकप्रसाद ढुंगाना र शान्ति सिंह थापाको संयुक्त इजलासले सुनाएको अन्तिम फैसलाले मातृभाषा बोल्न प्रोत्साहन गरेको छ।

सर्वोच्च अदालतको यस्तो आदेशसँगै अब कुनै पनि निजी विद्यालयले नेपाली वा मातृभाषा बोलेका कारण विद्यार्थीमाथि कारबाही गर्न पाउने छैनन्। यस्तो कार्य गरे त्यो अदालतको प्रत्यक्ष अवहेलना र गैरकानुनी कार्य ठहरिनेछ।

बरु मातृभाषा बोल्न प्रोत्साहन गर्ने नीति अवलम्बन गर्न सरकारलाई आदेश भएको छ। जसअन्तर्गत प्रधानमन्त्री कार्यालय र शिक्षा मन्त्रालयलाई नेपाली भाषा वा आफ्नै मातृभाषा प्रयोग गर्ने बालबालिकाको मौलिक अधिकार संरक्षणका लागि तत्काल उपयुक्त नीति बनाउन आदेश भएको छ। त्यस्तो नीति कार्यान्वयन गर्न निर्देशिका र निगरानी संयन्त्र निर्माण गरेर विद्यालयमा परिपत्र जारी गर्न परमादेशसमेत जारी गरिएको छ।

सरकारी तथ्यांकअनुसार नेपालमा १ सय २४ मातृभाषा रहेका छन्। २०७८ सालको जनगणनामा दोस्रो भाषा बोल्नेहरूको तथ्यांक पनि छ। जसअनुसार १ सय १७ भाषालाई >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ मंसिर २०८२ सोमबार
24 November 2025 Monday

# दुर्गा प्रसाईं थुनामुक्त

**काठमाडौं/मस-** मेडिकल व्यवसायी दुर्गा प्रसाईं थुनामुक्त भएका छन् । सर्वोच्च अदालतको आदेशपछि आइतबार साँझ उनी थुनामुक्त भएका हुन् ।

न्यायाधीशद्वय नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले प्रसाईंका छोरा निराजन प्रसाईंले दायर गरेको बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिटमा आदेश जारी गर्दै प्रसाईंलाई तत्काल थुनामुक्त गर्न आदेश गरेको थियो ।

अदालतको आदेशमा अभिव्यक्तिका कारण मात्र प्रसाईंलाई थुनामा राखिनु संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रताको उल्लंघन हुने उल्लेख गरिएको छ ।

साथै शनिबार सरकारसँग महाअभियानले सञ्चालन गर्ने कार्यक्रम



शान्तिपूर्ण रूपमा गर्न सहमति भइसकेकाले बदलिएको परिस्थितिमा प्रसाईंमाथि लगाइएको कसुरमा थप तहकिकात वा हिरासत आवश्यक नपर्ने ठहर गर्दै जारी गरिएको पक्राउपुर्जी तथा म्याद थपका प्रक्रियाहरू बदर गरिएको समेत उल्लेख छ ।

प्रसाईंलाई सार्वजनिक शान्तिमा खलल पुऱ्याउने अभिव्यक्ति दिएको आरोपमा प्रहरीले मंसिर २ गते मध्यराति भक्तपुरस्थित निवासबाट पक्राउ गरेको थियो ।

महाअभियानले ७ मंसिरदेखि नेपाल बन्दसहितका आन्दोलनका कार्यक्रम घोषणा गरेको थियो, तर शनिबार सरकारसँग भएको सहमतिअनुसार आन्दोलनका सबै कार्यक्रम फिर्ता लिइएका छन् ।

# लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान भव्य रूपमा मनाउन आह्वान

**काठमाडौं/मस-** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले साझा प्रतिबद्धता र ऐक्यबद्धता जनाउँदै सबै निकायलाई लैंगिक हिंसाविरुद्ध १६ दिने अभियान भव्यताका साथ मनाउन आह्वान गरेको छ ।

मन्त्रालयले सम्बद्ध सबै निकायमा परिपत्र गर्दै हरेक वर्ष




जस्तै यस वर्ष पनि नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म अभियानलाई विभिन्न कार्यक्रमका साथ मनाउन आग्रह गरेको हो ।

मन्त्रालयअन्तर्गत लैंगिक हिंसा निवारण शाखाका प्रमुख महिला विकास अधिकृत ममता विष्टका अनुसार उक्त अभियान देशभर तीनै तहका सरकार, विद्यालय, संघसंस्था र सरोकारवाला निकायहरूको सहभागितामा मनाउन आह्वान गरिएको हो । अभियानअन्तर्गत यस वर्षको अन्तरराष्ट्रिय नारा 'सबै महिला र बालिकामाथि हुने डिजिटल हिंसाको अन्त्य गर्न जुटौं' र राष्ट्रिय नारा 'प्रविधिको सही प्रयोग गरौं: लैंगिक हिंसा अन्त्य गरौं' भनेर तय गरिएको छ । अभियानको मुख्य उद्देश्य लैंगिक हिंसाविरुद्ध जनचेतना फैलाउने र प्रविधिको सही प्रयोगमार्फत हिंसा रोक्ने रहेको छ ।

## रास्वपामा...

आफ्नो मतप्रति चर्को आलोचना हुन थालेपछि पार्टी छाड्नुपरेको हो,' परियारले भनेका छन् ।

परियार मात्रै होइन रास्वपाका अधिकांश नेताहरू रवि र उनको पक्षबाट कडा पेलानमा परेका छन् । डिपी अर्याल, स्वर्णिम वाग्ले, कविन्द्र बुर्लाकोटीसहितका नेताहरूले पार्टीमा पुनर्संरचित गर्ने विषय उठान गर्नेमाथि दबाब दिने गरेको नेताहरूले बताएका छन् । परियार निस्कँदै गर्दा केन्द्रीय सदस्य गणेश कार्कीले समेत पार्टी नेतृत्व र उनको वरिपरिका नेताहरूमाथि टिप्पणी गरेका थिए । 'रास्वपाले निरन्तर बेहोर्दै आएको क्षतिको जिम्मेवारी कसले लिने,' नेतृत्वमाथि उनको प्रश्न छ । एकपछि अर्को नेताहरू बहिर्गमित हुनुमा पार्टीभित्र नै समस्या भएको र यसको पहिचान र समाधान खोज्नुपर्ने कार्कीको भनाइ छ । 'समस्या छन्, समाधान खोजौं । जानेलाई लगाउने आरोप होइन, छाड्नुको कारण खोजौं । सामूहिक प्रयास, सामूहिक निर्णयको अभ्यास गरौं,' उनले भनेका छन् ।

परियारभन्दा अघि पार्टी सहमहामन्त्रीबाट राजीनामा दिएकी पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले जेनजी आन्दोलनसँगै पार्टी परित्याग गरिन् । समानुपातिक सांसद श्रेष्ठले पार्टी छोडेको जानकारी दिँदै लेखेकी छन्, 'अब खुला रूपमा आक्रमण गर्ने हो भने पनि सजिलो बनाइदिएको छु । मनलाग्दी चलुन्जेल मनलाग्दी गर्नुहोला । मैले पार्टी छाडें ।' पार्टी नेतृत्वले गल्तीमाथि गल्ती गर्न तर कहिल्यै गल्ती स्वीकार नगर्ने गरेको उनले बताएकी छन् । पार्टीभित्र आलोचना गर्नेविरुद्ध मिडिया ट्रायल गरेर दुःख दिने र सबैभन्दा माथि नेतालाई राख्ने गरिएको उनको गुनासो छ । 'गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने ?,' उनले भनेकी छन्, 'पार्टीभित्र आलोचना गर्नेहरूका विरुद्धमा मिडिया ट्रायल गर्ने ? जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यतिबेलादेखि नै आलोचना गर्दै आएको हुँ,' उनले भनेकी थिइन् । उनी प्रचण्ड प्रधानमन्त्री हुँदा शिक्षामन्त्री पनि भएकी थिइन् । परियार र श्रेष्ठ सभापति लामिछानेको सहकारी काण्डमा सबैभन्दा बढी बचाउमा उत्रिएका नेता हुन् ।

गत २०७९ को आमनिर्वाचन ६ महिनाअघि मात्रै गठन भएको रास्वपाप्रति आमनागरिकको अपेक्षा विस्तारै ह्रास आउँदै गएको छ । सो दलले पहिलो निर्वाचनमा सात प्रत्यक्षसहित ११ लाखभन्दा बढी मत ल्याएर प्रतिनिधि सभाका चौथो दलको हैसियत बनाएको थियो । संसद्मा २० रहेको रास्वपाले उपनिर्वाचनका तनहुँ १ बाट डा. स्वर्णिम वाग्लेले चुनाव जितेसँगै २१ सिट पुगेको थियो । पार्टी बनाएको छोटो समयमै संसद्मा राम्रो हैसियत बनाएको रास्वपा पछिल्लोपटक आन्तरिक विवादमा अल्झिएको छ । खासगरी सभापति रवि लामिछाने सहकारी ठगी काण्डमा पूर्पक्षका लागि थुनामा छन् । उनलाई पुराना दलहरूले प्रतिशोध साँधेर थुनिएको भन्दै रविको रिहाइको माग गर्दै आएका नेताहरूले नै पछिल्लोपटक पार्टी छाडेका हुन् । यसअघि पार्टीका संस्थापक महामन्त्री मुकुल ढकाल, सांसद ढाकाकुमार श्रेष्ठसहितका नेताहरू पार्टीले कारबाही गरेर निष्कासन गरेको थियो । पूर्वमहामन्त्री ढकालले दुई वर्षअघि पार्टी रूपान्तरणको अभियान चलाएका थिए ।

पार्टीको वास्तविक अवस्था बुझ्न जिल्लास्तरमा पुगेर महामन्त्रीले ल्याएको प्रतिवेदन नेतृत्वले अस्वीकार गर्दै उनीमाथि कारबाहीको डन्डा चलाएको थियो । सभापति लामिछानेका दाहिना हात बनेर पार्टी स्थापना गर्ने ढकालको निष्कासनपछि रास्वापाभित्रको उकुसमुकुस छताछुल्ल भएको छ । सुमना पार्टीबाट बाहिरिँदा सभापति रविले कारागारबाटै 'रेलगाडीबाट झर्ने झर्छन, छुट्ने छुट्छन् तर गन्तव्यमा नपुगी रोकिँदैन,' भन्ने सन्देश दिएका थिए । उनको हुँकारले पार्टीमा थप वितृष्ण थपिएको नेताहरूले टिप्पणी गरेका छन् । केन्द्रीय सदस्य तथा पूर्वशिक्षा राज्यमन्त्री तोसिमा कार्कीले पार्टीमा रिफर्मको आवश्यकता औंल्याउँदा पार्टीभित्र आफूमाथि घेराबन्दी भएको टिप्पणी गर्दै आएकी छन् । पार्टी पुनर्गठनको मुद्दा उठाइरहेकी तोसिमाले पछिल्लो विस्तारित बैठकमा लिखित असहमति राखे पनि सुनुवाइ नभइरहेको उनको गुनासो छ । केन्द्रीय सदस्य गणेश कार्की पार्टीभित्रको समस्या पहिचान र समाधानतर्फ कसैको ध्यान नगएकोप्रति अहिले पनि रुष्ट छन् । यद्यपि पार्टी प्रवक्ता मनीष झाले पार्टी छोडेर जाँदैमा कसैको खेदो खन्ने पक्षमा नरहेको टिप्पणी गरे । उनले भने, 'पार्टीमा विभिन्न व्यक्ति आउनेजाने भइरहन्छ । त्यसलाई वैरभावका रूपमा हेर्नुहुँदैन । रास्वपाबाट जानेभन्दा आउनेहरू नै बढी रहेकाले वैकल्पिक राजनीतिक शक्ति निर्माणको अभियानमा छौं ।'

केही समयअघि केन्द्रीय सदस्यहरू हरि भट्ट र डा. प्रभाव अधिकारीले राजीनामा दिएका थिए । त्यसअघि पार्टी स्थापनाको दुई महिनामै संस्थापक केन्द्रीय सदस्य गीता रेग्मीले पार्टीको विचार र नेतृत्वको गतिविधिप्रति असन्तुष्टि जनाउँदै राजीनामा दिएकी थिइन् । २०८० वैशाख १० को उपनिर्वाचनमा बारा-२ मा रास्वपाबाट उम्मेदवार बनेका पूर्वएआईजी रमेश खरेल पनि पहिल्यै पार्टीबाट बाहिरिएका थिए । स्वार्थ बाझिनेगरी पार्टीले गृह मन्त्रालयको जिम्मेवारी लिन नहुने अडान राखेर टिप्पणी गर्दै आएका खरेललाई पार्टीले स्पष्टीकरण सोधेको थियो । त्यस्तै, केन्द्रीय सदस्य महेश्वर घिमिरे पनि पार्टीबाट बाहिरिएका थिए भने पूर्वअनुशासन आयोग प्रमुख डा. भरतमणि देवकोटाले पार्टी त्यागेका हुन् । त्यसअघि कोशी प्रदेश सभापति राजेश तिमिल्सिनाले पनि पार्टी छाडेका थिए । पूर्वमहामन्त्री डा. मुकुल ढकाललाई जिम्मेवारीमा फर्काउनुपर्ने भन्दै वक्तव्य निकाल्न थालेपछि विवाद बढ्दै जाँदा उनले पार्टी छाडेका हुन् ।

त्यसअघि २०७९ कात्तिकमै पार्टी छोड्ने कोशी प्रदेश समिति सदस्य सञ्जीव भट्टराई, सुनसरी जिल्ला सचिव प्रेमप्रसाद तिमिल्सिना, धरान उपमहानगर सभापति राम कार्की, धरानका उपसभापति रिचन राई र प्रदेश समिति सदस्य शिल्पा भट्टराईसहित अन्य कार्यकर्ता थिए । २०८० पुस १४ मा रास्वपा सुदूरपश्चिमका उपसभापति र महामन्त्रीले पदबाट राजीनामा दिएका थिए । उपसभापति सृष्टि महरा र महामन्त्री भोजराज जोशीले पार्टीलाई समय दिन नसक्ने भन्दै बाहिरिएका थिए । यसैगरी, २०८१ असार १२ मा प्यूठान जिल्ला सभापति सुमन सुवेदीले पार्टी परित्याग गरे भने चितवनका जिल्ला सभापति धर्मेन्द्र सापकोटाले पनि २०७९ माघमै पार्टी छाडेका थिए । २०८० माघमा बर्दिया जिल्लाका २१ जनाले पार्टी परित्याग गरेका थिए । त्यस्तै, मकवानपुर जिल्ला सचिवालय सचिव भुवन खनालसहितका नेताहरूले पार्टी परित्याग गरिसकेका छन् । २०८१ भदौमा दाङका १ सयभन्दा बढी युवाले एकसाथ रास्वपा परित्याग गरेका थिए ।

## जेनजी...

उज्यालो नेपाल पार्टी बनेको छ । यो पार्टीको संरक्षकमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ छन् ।

सत्यवानकुमार सिंहले स्वाभिमान पार्टी दर्ता गरेका छन् । रत्नप्रसाद श्रेष्ठले नागरिक सर्वोच्चता पार्टी नेपाल बनाएका छन् । अभियन्ता खगेन्द्र सुनारले हाम्रो पार्टी नेपाल गठन गरेका छन् । जसले निर्वाचन आयोगबाट आधिकारिकतासमेत पाइसकेको छ । यो पार्टीको चुनाव चिह्न गोलो घेराभित्र राम्रो जनाउने लाइक चिह्न रहेको छ ।

यो सँगै निर्वाचन आयोगमा दर्ता दलको संख्या १ सय ३२ पुगेको छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई भन्छन्, 'दर्ता दलको संख्या १ सय ३२ पुगेको छ । यसमध्ये १३ वटा दल नयाँ दलहरू हुन् ।'

प्रतिनिधि सभाको निर्वाचन आगामी फागुन २१ गते हुँदै छ । सो निर्वाचनमा भाग लिन राजनीतिक दलले निर्वाचन प्रयोजनका लागि समेत दल दर्ता गर्नुपर्छ । निर्वाचन प्रयोजनका लागि भने ५६ वटा दलले दल दर्ता गरेका छन् । निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने समय यही मंसिर १० गतेसम्म छ । त्यतिन्जेलसम्म दर्ता भएका नयाँ दलले पनि निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न सक्नेछन् ।

निर्वाचन आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रमअनुसार मिति आगामी माघ ६ गते छ । सोही दिन उम्मेदवारको सूची प्रकाशन हुनेछ । मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गते रहनेछ । माघ ८ गते मनोनयन पत्र र उजुरीउपर जाँचबुझ हुनेछ र सोही दिन उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । माघ ९ गते उम्मेदबारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । सोही दिन उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ ।

## मिसिल...

कार्यालय, नेपाल बार एसोसिएसनलगायतका निकायहरूमा अनुरोधसमेत गरेको छ ।

हाल सर्वोच्च अदालतमा नयाँ पुराना मिसिल राखेका दराजभित्र खरानी मात्र छन् ।

रिट, तारेख, बहस अनि फैसला गर्नुपर्ने समयमा गत भदौ २४ गते जेनजी समूहले गरेको आगजनी, ढुंगामुडा, तोडफोड र लुटपाट भएका मिसिल सर्वोच्च अदालतले खोजिरहेको हो ।

अदालतमा चालु अवस्थामा रहेका र फैसला भई फैसलाको पूर्णपाठ तयार गर्न बाँकी रहेका मुद्दाका मिसिल जलेर पूर्ण रूपमा नष्ट भएको अदालतले जनाएको छ ।

मुद्दाका मिसिल प्राप्ति र प्रमाणीकरण गरी कानुनबमोजिम कारबाही र सुनुवाइ प्रक्रिया अगाडि बढाउनुपर्ने भएकाले मुद्दाका पक्षसँग मिसिल उपलब्ध गराउन अनुरोध गरिएको अदालतका सूचना अधिकारी तथा सहायक प्रवक्ता निराजन पाण्डेले बताए ।

मुद्दाका पक्षहरू, निजहरूले मुकरर गरेका कानुन व्यवसायी, महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकिल कार्यालय, नेपाल बार एसोसिएसन तथा सम्बद्ध इकाइ र अन्य सम्बद्ध सरोकारवाला निकायमा विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरणसम्बन्धी निर्देशिका, २०८२ को दफा ५ बमोजिम अनुरोध गरिएको उनले बताए ।

त्यसका लागि अदालतले ६० दिनभित्र उपस्थित भएर मुद्दाका मिसिलहरू उपलब्ध गराउन अदादलले सम्बन्धित पक्षसँग अनुरोध गरेको छ ।

आठ वर्षभन्दा पहिला फैसला भएका मुद्दा खरानी भएर नष्ट भएको उनको भनाइ छ । 'सिस्टममा भएका इजलासमा भएका मुद्दा निर्देशिका बनाएको छ । प्राप्ति र प्रमाणीकरण गरेर त्यसैलाई आधार मानेर मुद्दाको फैसला गर्छौं,' उनले भने । पाँच वर्षयताका केही फैसला गर्न बाँकी रहेका मुद्दा पनि जलेर नष्ट भएको उनले बताए ।

जेनजी प्रदर्शनका क्रममा देशभरका २३ अदालतमाथि आगजनी र क्षति भएको छ । जसबाट करिब ९ लाख ३३ हजार मुद्दा जलेर नष्ट भएको अदालतको अनुमान छ । आगजनी र तोडफोड गरिएका सबै अदालतमा गरी चालुतर्फ ३० हजार ७ सय ५२ र अभिलेखतर्फ ९ लाख ३ हजार ७१ मिसिल गुमेको सर्वोच्च अदालतले जनाएको छ ।

सर्वोच्चमा चालु अवस्थामा रहेका २४ हजार २ सय ३४ थानमध्ये २० हजार ३४ मुद्दाको मिसिल जलेर नष्ट भएका छन् । जलेका ती मिसिल अदालतले खोजिरहेको छ ।

जेन जी' आन्दोलनका कारण व्यापक विध्वंश बेहोरेको सर्वोच्च अदालतले प्रांगणमा पाल लगाएर मिसिल संकलन गरिरहेको छ ।

## जिसिसीद्वारा...

सो सुधारबाट दक्षिण र दक्षिण-पूर्व एसियाका करिब १ करोड ३० लाख आप्रवासी श्रमिक लाभान्वित हुने अपेक्षा गरिएको छ । काफला प्रणालीले नेपाल भारत, पाकिस्तान र अन्य देशका श्रमिकहरूलाई रोजगारदाताको अनुमतिबिना घर पनि फर्कन नसक्ने अवस्था थियो ।

आइएलओका महानिर्देशक गिल्बर्ट एफ हाउङबोले निष्पक्ष, पारदर्शी र समावेशी श्रम बजारलाई अगाडि बढाउन आइएलओ र जिसिसीबीचको सार्थक सहयोग सुनिश्चित भएको भन्दै ज्याला संरक्षण प्रणालीमा नयाँ क्षेत्रीय विश्लेषण दुवै संस्थाको उपलब्धि र राम्रो सुरुवात भएको बताए ।

जिसिसी कार्यकारी ब्युरोका महानिर्देशक मोहम्मद अल-ओबैदलीले ज्याला संरक्षण प्रणाली कार्यान्वयन गर्ने जिसिसीको यात्राले पारदर्शिता बढाउन र विश्वव्यापी रूपमा ज्याला भुक्तानीमा निष्पक्षता सुनिश्चित गर्न खोज्ने राष्ट्रहरूका लागि राम्रो मोडल स्थापित गरेको उल्लेख गरे । खाडी मुलुकमा रोजगारदाताले दिने करारपत्र फेरबदल गरिने जोखिम कायमै रहेकोलगायतका कमजोरी प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## मातृभाषा...

दोस्रो भाषाका रूपमा राखिएको छ । यसमध्ये पनि नेपालमा ३० भन्दा बढी भाषा लोपोन्मुख अवस्थामा छन् । कतिपय अनुसन्धानले ३० मध्ये पनि २१ भाषा अत्यन्त लोपोन्मुख अर्थात् मृतप्रायः रहेको देखाएको छ ।

# निर्वाचनको विकल्प छैन : प्रचण्ड

**नुवाकोट/मस-** नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशमा जारी अस्थिर राजनीतिक परिवेषलाई निर्वाचनमार्फत समाधान गर्न सकिने बताएका छन् । नुवाकोटको पञ्चकन्या गाउँपालिका-३ मा आइतबार घलेगाउँ सांस्कृतिक भवनको उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री दाहालले नेपाली नागरिकको आत्मनिर्णयको अधिकार जोखिममा परेकाले त्यसको पुनःस्थापनाका लागि एकमात्र विकल्प निर्वाचन रहेको बताए । त्यसका लागि तोकिएको समयमा निर्वाचन गराउन राष्ट्रिय राजनीतिक एकताको आवश्यकता रहेको उनको भनाइ थियो ।



'कम्युनिष्ट घटकमात्र होइन कांग्रेस लगायतका सम्पूर्ण राजनीतिक शक्ति एकजुट भएर चुनाव सम्पन्न गर्न केन्द्रित हुनुपर्छ', संयोजक दाहालले भने, 'फागुन २१ गते समयको अभावले चुनाव हुन नसक्ने भएमा आगामी वैशाखदेखि जेठ पहिलो सातासम्ममा ताजा जनादेश लिनुपर्छ । देशमा जारी अस्थिरतालाई निकास दिएर नयाँ गतिमा अघि बढ्नुपर्छ ।'

चुनावका लागी नेपाली कांग्रेससहितका दल तयारीमा लागिसकेकाले नेकपा (एमाले)ले पनि सहभागी हुने संयोजक दाहालले विश्वास व्यक्त गरे ।

'सबै शक्ति एकजुट भएर चुनावमा लाग्नुपर्छ यसमा नै सबैको भलो हुन्छ', संयोजक दाहालले भने ।

# प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा




**काठमाडौं/मस-** नेसपा (नयाँ शक्ति), प्रगतिशील राष्ट्रिय अभियान र सन्तोष परियारसहितको प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा गरिएको छ ।

आइतबार काठमाडौंको राष्ट्रिय सभागृहमा आयोजित एकता कार्यक्रमबाट नयाँ पार्टीको घोषणा गरिएको हो । पार्टीको चुनाव चिह्न आँखा रहेको छ ।

घोषणा कार्यक्रममा बोल्दै नेता सन्तोष परियारले सबै एकताबद्ध नभए देश जनताको नरहन सक्ने बताए ।

उनले सधैं गरिब भइरहनुको कारण नेतृतव वर्गले जनतालाई केन्द्रमा नराख्नु रहेको बताए ।

संकटको घडीमा सबै एक हुनुपर्ने उनले बताए । इतिहासमा कहिल्यै पनि नेतृत्व वर्गले जनताको देश बनाउन नसकेको उनले बताए । अग्रजको अनुभव, जेनजी पुस्ताको संघर्ष र मेहनतले अहिलेको संकट समाधान गर्नुपर्ने उनको भनाइ छ ।

उनले भने, 'हामी सधैं किन गरिब भइरहन्छौं भन्दा हाम्रा नेतृत्व गर्नेहरू, राजनीति गर्नेहरूले देश र जनतालाई केन्द्रमा राखेर राजनीति नगर्दा हामी आज यस ठाउँमा पुगेका छौं । संकटको यो घडीमा हामीले सामूहिकतामा जोड दिएनौं भने र सामूहिक रुपमा उठेनौं भने यो देश देश जस्तो नरहन सक्छ । यो देश जनताको नरहन सक्छ । इतिहासमा कहिल्यै हामीले जनताको बनाउन सकेनौं । तसर्थ अग्रजको अनुभव, जेनजी पुस्ताको संघर्ष र मेहनतले यो देशको संकट मोचन गर्नुपर्नेछ ।' अहिले नागरिक र सरकारबीच अविश्वासको संकट पैदा भएको उनले उल्लेख गरे ।

यस्तै नेता सुदन किराँतीले जेनजी विद्रोह विदेशीका कारणले भएको भन्नु लाज लजाउने अभिव्यक्ति भएको टिप्पणी गरे । कार्यक्रमलाई सम्बोधन गर्दै गर्दै उनले जेनजी विद्रोह विदेशीको कारणले नभइ नेतृत्वमा रहेका नेताहरुका कारणले भएको जिकिर गरे । 'आफ्नो कोठा खुला राख्ने, कोठामा धान छर्ने, भकारीलाई राम्रोसँग नबाँध्ने अनि भँगेरा आयो भनेर भँगेरालाई दोष दिएर हुन्छ ?' नेता किराँतीको प्रश्न छ । २० वर्षदेखि राज्यसत्ताको दोहन गरी देशलाई कंगाल बनाउने काम गरिएको उनले बताए ।

उनले थैली बन्दिलो नबाँध्ने र साथीलाई चोर दोष लगाउने काम नगर्न चेतावनी दिए ।

यस्तै नेता जनार्दन शर्माले पार्टीभित्रका मठाधीशहरूलाई धुपबत्ती गर्न छाडेर प्रगतिशिल पार्टी निर्माणमा लागेको बताए ।

उनले पार्टीभित्रका मठाधीशहरूलाई धुपबत्ती गर्न छाडेर पार्टी निर्माणमा लागेको बताए ।

नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीबीचको एकता प्रक्रियाबाट बाहिरिएका नेता शर्माले प्रगतिशील अभियान चलाएका थिए ।

उनले सामन्तवादको सियाशनलाई भत्काएर लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणमा सहभागीहरू अब नयाँ प्रक्रियामा सक्रिय भएको बताए ।

उनले भने, 'सामन्तवादको सियाशनलाई भत्काएर लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणमा सहभागी हामीहरू पार्टीभित्रका मठाधिशहरूलाईलाई धुपबत्ती गर्न छाडेर प्रगतिशील लोकतान्त्रिक पार्टी घोषणा गर्ने प्रक्रियामा सामेल भएका छौं ।'

यस्तै कार्यक्रममा डा.बाबुराम भट्टराईले जेनजी पुस्ताको भावना र आन्दोलनको मर्मअनुसार नयाँ पार्टी गठन गरिएको बताए ।

कार्यक्रममा उनले यो पार्टी जेनजी पुस्ताकै चाहना, आकांक्षा र विद्रोही भावनाबाट जन्मिएको स्पष्ट गरे ।

देशमा अब राजनीतिक पुनर्संरचना अपरिहार्य बनेको उनको भनाइ छ । अब राजनीति पुरानो शैली, थालमा बसेर भागबण्डा गर्ने प्रवृत्तिमा सीमित हुन नसक्ने भएकाले नयाँ राजनीतिक संरचना आवश्यक रहेको उनले बताए ।

# लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठकका विभिन्न सात निर्णय

**लुम्बिनी/मस-** लुम्बिनी प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न सातवटा निर्णय गरेको छ ।

बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले पेस गरेको बाधा अड्काउ फुकाउसम्बन्धी प्रस्ताव स्वीकृत गर्नेलगायत सात निर्णय गरेको हो ।

भौतिक पूर्वाधार तथा विकासमन्त्री भूमिश्वर ढकालका अनुसार सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ११९ को अधिकार प्रयोग गरी प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्दै निर्देशनालयले गर्नुपर्ने अत्यावश्यक कार्य निर्देशनालय गठन नभएसम्म उद्योग, पर्यटन तथा यातायात मन्त्रालयबाट सम्पादन गर्ने निर्णय गरिएको छ । उक्त मन्त्रालयकै तर्फबाट लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक प्रदेशसभामा



पेस गर्न अनुमति दिने निर्णय भएको छ ।

यस्तै, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले पेस गरेको प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पठाउन बैठकले स्वीकृति प्रदान गरेको छ ।

सामाजिक विकास मन्त्रालयबाट दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तथा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमसम्बन्धी कार्यविधि, २०८२ पनि बैठकले पारित गरेको भौतिक पूर्वाधार तथा विकासमन्त्री ढकालले जानकारी दिए ।

यसैगरी भीम अस्पतालमा सरुवा भएका कन्सल्टेन्ट डेन्टल सर्जन डा.वर्षा थापालाई मेडिकल सुपरिन्टेन्डेन्टको जिम्मेवारी दिने र शिवराज नगरपालिकाको हाटबजार व्यवस्थापनका लागि जग्गा प्राप्तिमा सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

### अशोक राई नेतृत्वको जसपा फुट्यो

# राजेन्द्र श्रेष्ठसहित ६ नेता नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने

**काठमाडौं/मस–** अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) का ६ जना नेता नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने भएका छन् । जसपा संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठ, उपाध्यक्षद्वय रणध्वज लिम्बु (कन्दङ्वा) र परशुराम बस्नेत लगायतका नेता नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने भएका हुन् ।

यस्तै नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने सहमति गर्नेमा जसपा केन्द्रीय सल्लाहाकार समितिका सदस्य दुर्गामणि देवान, केन्द्रीय विज्ञ परिषद् अध्यक्ष डा. पुष्पराज राजकर्णिकार, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कृष्णबहादुर घजु रहेका छन् ।



जेनजी आन्दोलनपछि जसपामा नीति, सिद्धान्त तथा माग मुद्दाहरू मिल्ने राजनीतिक दलसँग एकीकरण, मोर्चा, तालमेल गर्ने निर्णय केन्द्रीय कार्यकारिणी समितिलाई दिइएकोमा बैठक नै नबोलाएर अनिर्णित बनाइएको संघीय परिषद् अध्यक्ष श्रेष्ठसहित ६ नेताले हस्ताक्षर गरेको जानकारी पत्रमा उल्लेख छ ।

'दिनानुदिन काम गर्नुपर्ने कार्यकारिणीको स्थगित बैठक हालसम्म नडाकिएको हूँदा चालु केन्द्रीय कार्यकारिणी समितिको बैठकको कार्यसूची नं.१(ख) को कार्यसूचीलाई टुङ्गोमा नपुऱ्याएकोमा असहमत रहँदै जेनजी आन्दोलनपछि विकसित नयाँ परिस्थितिमा २०६२/०६३ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिहरू समेत खतरामा पर्नसक्ने भएकाले विचारमा सामिप्यता रहेको अग्रगामी परिवर्तनका पक्षधर राजनीतिक शक्तिसँग मिलेर उपलब्धिहरूबमे रक्षा र थप उपलब्धी प्राप्तिका लागि संघर्ष गर्नु पर्दछ भन्ने हाम्रो धारणा रहेको छ,' जानकारी पत्रमा उल्लेख छ । सोही निर्णय अनुसार केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरू जनता समाजवादी पार्टीको आ-आफ्नो पदीय जिम्मेवारीबाट अलग हुँदै नेपाली कम्युनिस्ट पार्टीसँग एकीकरण, ध्रुवीकरणको दिशामा अगाडि बढ्ने निर्णय गरिएको ६ नेताद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

# जेन्जी आन्दोलनको योगदान संरक्षणमा मन्त्री खरेलको प्रतिबद्धता

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ७ मंसिर

सूचना, सञ्चार तथा प्रविधि मन्त्री जगदीश खरेलले जेन्जी आन्दोलनले दिएका योगदानहरू खेर जान नदिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

कालिनाग माध्यमिक विद्यालयमा आयोजित बधाई तथा अभिनन्दन कार्यक्रममा बोल्दै उनले राजनीतिक अस्थिरता र सत्ता-स्वार्थले शिक्षा र विकास क्षेत्रमा बाधा पुऱ्याएको बताए ।

मन्त्री खरेलले स्थिर सरकार, गुणस्तरीय शिक्षा र सुशासनलाई प्राथमिकतामा राख्दै सबै दल जिम्मेवारीपूर्वक अघि बढ्नुपर्ने आवश्यकता औंल्याए । चुनाव नजिकिँदै गएकाले योग्य नेतृत्व छनोट महत्वपूर्ण भएको उनको भनाइ थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति बर्जुराम घतानीले जेन्जी आन्दोलनपछि समेत राजनीतिक सुधार अनिवार्य रहेको बताए । मन्त्री खरेलले सोमबार चरिकोटमा कार्यालय प्रमुखहरूसँग छलफल गर्ने कार्यक्रम रहेको जनाइएको छ ।



# विद्यालयको सम्पत्ति अवैध भाडामा लगाएको आरोपमा नौ जनाविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कास्कीस्थित राष्ट्रिय माध्यमिक विद्यालयको सार्वजनिक सम्पत्ति निजी बोर्डिङ स्कुललाई अवैध रूपमा भाडामा दिइ दुरुपयोग गरेको आरोपमा आइतबार नौ जनाविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।



आयोगका प्रवक्ता राजेद्रकुमार पौडेलका अनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, समितिका पदेन सदस्य पोखरा महानगरपालिका-१ का वडाअध्यक्ष शाहारा प्रधानसहित पाँच सदस्यले अञ्जुली आवासीय माध्यमिक विद्यालयलाई सार्वजनिक सम्पत्ति १२ वर्षका लागि अवैध रूपमा भाडामा दिने निर्णय गरेका आरेप छ । उक्त कार्यमा बोर्डिङ स्कुलका सञ्चालक राजु केसी र प्रिन्सिपल सुनिता कुँवर केसी पनि संलग्न रहेको आयोगको ठहर छ । विद्यालय व्यवस्थापन समितिले स्थलगत अध्ययन प्रतिवेदनमार्फत पहिलोपटक ३० वर्षका लागि भाडामा दिन सिफारिस गरेको तथा विसं २०८० फागुन २६ गते सदस्यसचिवको अनुपस्थितिमा बसेको बैठकबाट १२ वर्षका लागि भाडामा दिने निर्णय गरिएको आयोगले जनाएको छ । सोही आधारमा त्यही वर्ष फागुन २९ गते दुवै पक्षबीच सम्झौता भई चैत १ गतेदेखि लागू गरिएको थियो ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको प्रतिवेदन र वडा नं १ का वडाध्यक्षले करार खारेज गर्न दिएको निर्देशनले पनि सम्झौता कानुन विपरीत रहेको पुष्टि भएको आयोगले जनाएको छ ।

# देशलाई भ्रष्टाचारमुक्त गर्न विद्रोही भावना आवश्यक : उपेन्द्र यादव

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ मंसिर

जनता समाजवादी पार्टी नेपालका राष्ट्रिय अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवले मुलुकलाई भ्रष्टाचारबाट निकाल्न समय-समयमा विद्रोही भावना आवश्यक रहेको बताएका छन् ।

आइतबार जसपा नेपाल रौतहटले दुर्गाभगवती गाउँपालिका-४ पचरुखीमा आयोजना गरिएको पार्टी प्रवेश तथा कार्यकर्ता भेटघाट कार्यक्रममा सम्बोधन गर्दै उनले नेपालसँग संसारकै विकसित देश बन्ने सबै सम्भावना र आधार हुँदाहुँदै पनि प्रमुख पार्टीहरूको गलत नीति, चरम भ्रष्टाचार र बेथितिका कारण देश आर्थिक तथा राजनीतिक रूपमा पछि परेको जिकिर गरे । 'नेपालमा विकासका अपार सम्भावनाहरू छन्। हामीसँग प्राकृतिक स्रोत, युवा शक्ति र उर्वर भूमि छ,'उनले भने,'तर नेपाली कांग्रेस र कम्युनिस्ट नेतृत्वमा लामो समयदेखि भएको चरम भ्रष्टाचार र बेथितिहरूले देशलाई गम्भीर संकटतर्फ धकेलेको छ । यी शक्तिहरू जनताको भन्दा आफ्ना नेता र कार्यकर्ताको स्वार्थमा केन्द्रित रहे ।'




अध्यक्ष यादवले मुलुकमा सुशासन र विकासको वातावरण निर्माण हुन नसक्नुको मूल कारण भ्रष्ट नेतृत्व रहेको बताए ।

'जबसम्म जनतामा विद्रोही भावना जाग्दैन र भ्रष्ट नेतृत्वविरुद्ध आवाज उठाइँदैन, तबसम्म देशले मुक्ति पाउँदैन,'उनले भने,'त्यसैले समय-समयमा विद्रोह आवश्यक छ, ताकि देश सही मार्गमा फर्कियोस् ।'

कार्यक्रममा उनले जसपा नेपाल वैकल्पिक राजनीतिक शक्ति भएर देश र जनताको हितमा काम गर्न प्रतिबद्ध रहेको उल्लेख गरे । पार्टीको सिद्धान्त र लक्ष्यप्रति विश्वास गरेर प्रवेश गरेका दर्जनौं नयाँ सदस्यलाई उनले स्वागत गरे ।

यादवले जसपा नेपालले मधेसका मात्र नभई देशभरका सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका मुद्दा बोकेको दाबी गर्दै, स्थानीय तहका कार्यकर्तालाई पार्टीको सन्देश गाउँ-गाउँसम्म पुऱ्याउन र जनसमस्याको समाधानमा सक्रिय रहन निर्देशन दिए । कार्यक्रममा रौतहट जिल्लाका जसपा नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । अध्यक्ष यादवले भेटघाटका क्रममा स्थानीय समस्याबारे जानकारी लिएका थिए ।

# ६ लाख गरिबलाई परिचयपत्र वितरण

**काठमाडौं/मस–** सरकारले देशका विभिन्न ४९ जिल्लाका ६ लाख १५ हजार १ सय ६१ जनालाई गरिब परिचयपत्र वितरण गरेको छ ।

भूमि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सम्बन्धित जिल्लाका स्थानीय तहसँग समन्वय गरी परिचयपत्र वितरण गरेको हो ।

अति गरिबलाई रातो, मध्यम गरिबलाई पहेँलो र सामान्य गरिबलाई नीलो परिचयपत्र वितरण गरेको अन्य १५ जिल्लामा पनि परिचयपत्र वितरण गर्न दुई लाख गरिबको पहिचान भएको छ । यी १५ जिल्लामा वितरणका लागि कार्ड छपाइ गरी सम्बन्धित स्थानीय तहलाई पठाएको छ । वितरणको प्रक्रिया सुरु गरिएको छ ।

गरिबी न्यूनीकरण गरी गरिब जनतालाई आर्थिक रुपमा आत्मनिर्भर र सक्षम बनाउन सञ्चालित कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन गर्न यो कार्डले सजिलो हुने मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेले जानकारी दिए ।

परिचयपत्रका आधारमा गरिबले राज्यले प्रदान गर्ने सेवासुविधा उपलब्ध गराइने भएकाले स्थानीय तहमार्फत परिचयपत्र वितरण गरिएको हो ।

गरिबीका कार्यक्रम नियमन र एकीकृत नहुँदा दोहोरोपनासहित दुरुपयोग हुने गरेकाले स्थानीय तहले नै गरिबको पहिचान तथा कार्ड वितरणको जिम्मेवारी दिइएको हो । यथार्थ विवरण आउने तथा वास्तविक गरिबको खोजी हुने भएकाले उनीहरुलाई सेवासुविधा तथा सहुलियत उपलब्ध गराउँदा लक्षित वर्गसम्म पुग्ने अपेक्षा राखिएको छ ।




परिचयपत्र पाउने गरिबलाई आयमूलक कामका लागि सीप सिकाउनुपर्ने, शिक्षा र स्वास्थ्यको ग्यारेन्टी गर्नुपर्ने तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने कार्यलाई तीनै तहका सरकारको समन्वयमा प्राथमिकतामा राखिने छ । बाँकी रहेका १३ जिल्लामा सर्वेक्षण पूरा भएका कारण वितरण कार्य प्रक्रियामा छ । परिचयपत्र वितरण अगावै उनीहरुको घरपरिवार सर्वेक्षण गरेर गरिबको पहिचान तथा वर्गीकरण गरिएको थियो ।

गरिब पहिचानका लागि विभिन्न १८ सूचकलाई आधार बनाइएको थियो । यो कार्यक्रमका लागि अहिलेसम्म करिब एक अर्बभन्दा बढी खर्च भइसकेको छ । गरिबी अन्त्य गर्न सरकारले २०५९ सालमा गरिब घरपरिवार पहिचान र परिचयपत्र वितरण समन्वय बोर्ड गठन गरेर गरिबको खोजी सुरु गरिएको थियो ।

२०७५ देखि मन्त्रालयले यो कार्यक्रमलाई अगाडि बढाएको हो । विपन्न तथा गरिबका लागि कार्यक्रम सञ्चालन गरिएको भए पनि वर्गीकरण नहुँदा ती समुदायका लागि सञ्चालित कार्यक्रम दुरुपयोग र दोहोरोपन आएको थियो ।

परिचयपत्रका आधारमा स्वास्थ्य बिमा, छात्रवृत्ति, सीपमूलक, तामिल, खाद्यसुरक्षालगायत कार्यक्रम प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ । गरिबी निवारणको कार्यक्रमले विपन्न वर्गको जीवनस्तरमा सुधार पुग्ने सहायक प्रवक्ता वाग्लेले विश्वास व्यक्त गरे ।

**नामसालिङ सामुदायिक विकास केन्द्र इलामको GI Wire and Black Pipe Support Structure खरिद सम्बन्धी शिलबन्दी प्रस्ताव पेश गर्ने सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२ मंसीर ८ गते)**

यस केन्द्रले दोलखा जिल्ला कालिञ्चोक गाउँपालिका वडा न. १ क्याम्पोलमा किवी खेती प्रवर्द्धन अन्र्तगत किवी थाङग्रा तयारीको लागि निम्न सामाग्रीहरु शिलबन्दी प्रकृयाबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक बिक्रेता, सप्लायर्स तथा व्यवसायीले कारोबार दर्ता प्रमाणपत्र, मूल्यअभिबृद्धि कर प्रमाणपत्र, अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र र ढुवानी दिन सक्ने प्रस्तावित मिति सहित यस खरिदकर्ता संस्था मार्फत तोकिएको ढाँचाको आर्थिक प्रस्ताव शिलबन्दी रुपमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक आपूर्तिकर्ताले ncdcilam@ntc.net.np मा इमेल मार्फत प्राविधिक विवरण सहितको डायग्राम र आर्थिक प्रस्ताव ढाँचा माग गर्न सक्नुहुनेछ ।

**शिलबन्दी प्रस्ताव पेश गर्ने स्थान:– नामसालिङ सामुदायिक विकास केन्द्र, परियोजना कार्यालय भीमेश्वर न.पा. वडा न. ३ चरिकोट दोलखा ।**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः– २०८२ मंसीर २२ गते कार्यालय समयभित्र**

**खरिद गरिने सामाग्रीहरुः–**

- **GI Wire:- 3,187.50 kg** (8 Standard Wire Gauze)
- **Black Pipe Support structure:- 1,292 numbers** (2 mm thickness 2.2 m long 2" Black Pipe which should be closed at each end by 16 gauze iron sheet. The 2" Black pipe should be properly welded 5 rings of 1.8 mm thickness 1" black pipe as per the drawing and properly painted by metal primer initially and enamel finally.)

**सर्त तथा बन्देजहरुः–**

क) तोकिएको सामाग्रीहरु यस केन्द्रको भीमेश्वर नपा वडा न. ३ चरिकोटमा रहेको कार्यालयमा ढुवानी गर्नुपर्नेछ ।
ख) परियोजनासँग उपलब्ध हुने बजेट अनुसार खरिद गरिने सामाग्रीको परिमाण १०% थपघट हुनसक्नेछ ।
ग) तोकिएको मिति भन्दा पछि पेश हुन आएको प्रस्तावहरु स्वीकार्य हुनेछैन ।

बोलपत्र खोलिने मितिः प्रस्ताव गर्न तोकिएको अन्तिम मितिको भोलिपल्ट दिनको १.०० बजे संस्थाको परियोजना कार्यालय काठमाडौं महानगरपालिका वडा न. १० पुरानो बानेश्वरमा खोलिनेछ । सो दिन प्रस्तावकहरु उपस्थित हुन नसक्ने अवस्था भएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

**नोटः– यस सूचनाअनुसार आव्हान गरिएको खरिद प्रकृया कुनै पनि समयमा स्थगित गर्ने वा रद्ध गर्ने पूर्ण अधिकार यस केन्द्रसँगमा निहित रहनेछ ।**

**कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, महेन्द्रनगर शाखाको ३५ दिने सार्वजनिक सूचना ।।**

**(प्रकाशित मिति : २०८२/०८/०८ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिल:**

| **ऋणीहरूको नाम र ठेगाना :** |
| --- |
| खिमा दत्त सापकोटाको नाती, लिलाधर सापकोटाको छोरा, रूपन्देही जिल्ला, सेमलार गा.वि.स./उ.म.न.पा. वडा नं. २ बस्ने **श्री प्रसाद सापकोटा...१** तथा खिमा दत्त सापकोटाको नाती, लिलाधर सापकोटाको छोरा, रूपन्देही जिल्ला, सेमलार गा.वि.स./उ.म.न.पा. वडा नं. २ बस्ने **केशव प्रसाद सापकोटा...१** तथा खेम लाल खरेलको नाती, विष्णु प्रसाद खरेलको छोरा, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ बस्ने **शुसान्त खरेल...१ समेत जना ३** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| लिलाधर सापकोटाको नाती, श्री प्रसाद सापकोटाको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर उ.म.न.पा. वडा नं. १८ बस्ने **गंगा प्रसाद सापकोटा...१** |
| कासी राम भुसालको छोरी, श्री प्रसाद सापकोटाको श्रीमती, कञ्चनपुर जिल्ला, महेन्द्रनगर उ.म.न.पा. वडा नं. १८ बस्ने **तुल्सी देवी सापकोटा...१** |
| इन्द्रमनी खरेलको नाती, खेम लाल खरेलको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर उ.म.न.पा. वडा नं. १५ बस्ने **बिष्णु प्रसाद खरेल...१** |
| चन्द्र प्रसाद पौडेलको छोरी, ईश्वर सापकोटाको श्रीमती, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १८ बस्ने **सविता पौडेल...१** |
| ओविदत्त भुसालको छोरी, गंगा प्रसाद सापकोटाको श्रीमती, रूपन्देही जिल्ला, बुटवल गा.वि.स./उ.म.न.पा. वडा नं. १४ बस्ने **रिता सापकोटा...१** |
| खेम लाल खरेलको नातिनी, बिष्णु प्रसाद खरेलको छोरी, कञ्चनपुर जिल्ला, भीमदत्त न.पा. वडा नं. १५ बस्ने **सुदिक्षा खरेल...१** |
| लिलाधर सापकोटाकी छोरी, बिष्णु प्रसाद खरेलको श्रीमती, रूपन्देही जिल्ला, तामनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ बस्ने **यमकला सापकोटा...१** |
| खगराज अधिकारीको छोरी, केशव प्रसाद सापकोटाको श्रीमती, रूपन्देही जिल्ला, तामनगर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ बस्ने **राधा देवि सापकोटा...१** |
| लिलाधर सापकोटाको नाती, केशव प्रसाद सापकोटाको छोरा, रूपन्देही जिल्ला, बुटवल गा.वि.स./उ.म.न.पा. वडा नं. १४ बस्ने **इश्वर प्रसाद सापकोटा...१** |
| **धितो सुरक्षणको विवरण :** |
| **१. श्री प्रसाद सापकोटा र केशव प्रसाद सापकोटा**को नाममा मालपोत कार्यालय रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला, दयानगर गा.वि.स./न.पा. वडा नं. ५ (नक्सा सिट नं. ५ख) स्थित किता नं ८७३,९८ र ८७४ को क्रमश ३३८.६४,३४२८.७२ र २०५३ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

मध्यान्ह
www.madhyanhadaily.com
८ मंसिर २०८२ सोमबार
24 November 2025 Monday

## सम्पादकीय

# सडकमा होइन चुनावमा भिड

पछिल्लो समय युवापुस्ताका युवा र कतिपय राजनीतिक दलका नेता सडकमा आमुनेसामुने भएका छन् । बाराको सिमरामा एमालेका नेता/कार्यकर्ता र जेनजी युवाबीच भएको झडपजन्य घटना सेलाउन नपाउँदै आइतबार मोरङको विराटनगरमा केही युवाले नेता भानुभक्त ढकाल र महेश बस्नेत चढेको गाडीमा रातो मसी छ्यापे । लगत्तै दुवै नेतालाई लक्षित गरेर इटहरी पुगेपछि केही युवाले प्रदर्शन गरे । यस्ता घटनाले समाजलाई एकातिर द्वन्द्वमा लैजान सक्छ भने अर्कोतिर निष्पक्ष र भयरहित निर्वाचन गराउने उद्देश्यमा धक्का पुऱ्याउन सक्छ । समाजलाई द्वन्द्वमा लैजाने शक्तिले जितेको अवस्थामा लोकतान्त्रिक अभ्यासले हार्नेछ । यस्तो चाहना जेनजी युवाले राखेका छैनन् र यसका लागि २३ र २४ भदौमा आन्दोलन गरेका पनि होइनन् ।

भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाको माग राखेर भएको जेनजी आन्दोलनले राजनीतिमा पनि पुस्तान्तरण खोजे । जसको प्रभाव राजनीतिक दलहरूमा देखिएको छ । पछिल्लो समय नयाँ राजनीतिक दल खोल्ने र पुराना दलहरू ध्रुवीकरणमा जाने प्रवृति ह्वात्तै बढेको छ । यसको कारण भनेकै जेनजी आन्दोलनपछिको परिवर्तित परिस्थिति हो । निर्वाचन आयोगका अनुसार दर्ता दलको संख्या १ सय ३२ पुगेको छ । यसमध्ये १३ वटा नयाँ दल हुन् । दलहरू खोल्ने लहर र ध्रुवीकरणको प्रक्रिया नियाल्दा कतियमा त्रास र कतिपयमा आस देखिन्छ । खासगरी युवा नयाँ नेपालको सपना देखेर राजनीतिमा होमिएका छन् भने कतिपय पुराना राजनीतिक शक्तिमा अस्तित्वको खोजी भइराखेको छ । अस्तित्वको खोजीमा रहेका १२ वटा दल र समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी नै बनेको छ । पुराना दलका पनि दोस्रो र तेस्रो पुस्ताले मिलेर नयाँ पार्टी र अभियान सुरू गरेका छन् । एकातिर दल दर्तामा लहर नै आउनु र जनतामा जान आतुर देखिनु र अर्कोतिर सडकमा जेनजी युवा र नेता अवरोधको शैलीमा आमुनेसामने हुने मिल्दो दृश्य होइन ।

लोकतन्त्र भनेको जनताको मत जितेर शासन गर्ने व्यवस्था हो । जो कोही निर्वाचनमार्फत सत्तामा पुग्न सक्छ । यही नै यो व्यवस्थाको सुन्दर पक्ष हो । यसलाई स्वीकार गर्ने हो भने कुनै शक्तिलाई कुनै ठाउँमा पुग्न रोक लगाउनु कदापि स्वीकार्य होइन । जनता भनेका जे भने पनि सुन्ने र पत्याउने पात्र हुन् भनेर जनताको विवेकमाथि प्रश्न उठाउने प्रवृति पनि उचित होइन । जनताको प्रतिनिधि हुन खोज्नुभनेको जनताले अनुसरण गर्ने बोली र व्यवहार प्रदर्शन गर्न तयार हुनु हो । यसकारण कोही सडकमा भिड्नेहरू जनप्रतिनिधि बन्न लायक हुँदैनन् । निर्वाचनमा जनताको मत जित्ने कार्यमा प्रतिस्पर्धा गरे जो कोही सत्तामा पुग्न सक्छ अन्यथा फेरि सडकमै भेटिने अवस्था बन्नेछ ।

# नयाँ पुस्ताले खोजेको मताधिकार

*अध्ययनहरूले देखाउँछन्- देशका करिब ७६ प्रतिशत परिवारमा कम्तीमा एक सदस्य विदेशमा छन् । मतदानको प्रश्नमा यो तथ्य झनै महत्वपूर्ण बन्छ किनकि कुल मतदातामध्ये करिब २५ प्रतिशत नागरिक मतदानको दिन नेपालमै उपस्थित हुन सक्दैनन् ।*

**अग्रलेख**



● डा. प्रल्हाद कार्की

देशले आफ्नै नागरिकलाई टाढा पारिरहेको यथार्थ जित्न नसकिरहेको वर्तमानमा, पंक्तिकार शिक्षा क्षेत्रमा धेरै वर्ष बिताएको एक नागरिक, एक अनुसन्धानकर्ताको हैसियतले होइन, आफ्नो व्यक्तिगत सचेतताको आधारमा लेख्दै छु । नयाँ पुस्ताले सडकदेखि सामाजिक मञ्चसम्म उठाएका जिज्ञासाले हामी सबैलाई निरन्तर सोच्न बाध्य बनाइरहेको छ- हाम्रो लोकतन्त्र वास्तवमै कस्तो हुनुपर्छ ? यही प्रश्नका उत्तर खोज्ने क्रममा केही समयअघि युवा प्रतिनिधि, राष्ट्रिय सभाका सदस्य तथा विभिन्न राजनीतिक दलका नेताहरू सहभागी भएको एउटा छलफल कार्यक्रममा उपस्थित हुने अवसर पाएँ । संसद् सचिवालयद्वारा आयोजित सो कार्यक्रममा डा. खगेन्द्र ढकालले आई-भोटिङसम्बन्धी विषयमा गहिरो र प्रभावशाली प्रस्तुति दिएका थिए ।

डा. ढकाल केवल प्रस्तोता मात्र होइन, नेपाल पोलिसी इन्स्यूच्युडका अध्यक्ष पनि हुन् । एनपिआइभित्र ग्लोबल थिंक ट्यांक नामक विशेष अनुसन्धान टोली छ, जसलाई एनपिआईले नै समन्वय र व्यवस्थापन गर्छ । विश्वभर रहेका प्रवासी नेपाली विज्ञ तथा नीति-विश्लेषकहरूको सहभागिता रहने यस टोलीमा डा. ढकाल प्रमुख बौद्धिक नेतृत्वकर्तामध्ये एक हुन् । उनले गएको निर्वाचन अघिदेखि नै आई-भोटिङसम्बन्धी अध्ययन र अनुसन्धानलाई निरन्तरता दिएका छन् । त्यसैले उनको प्रस्तुति केवल प्राविधिक विश्लेषण होइन, प्रवासी नेपालीहरूको जीवनानुभूति, अनुभूत पीडा र अधिकारप्रतिको संवेदनशीलता बोकेको आवाज पनि हो ।

नेपालको सामाजिक संरचना हेर्दा, प्रवासी नेपालीको भूमिका केवल आर्थिक मात्र होइन, जनसांख्यिकीय दृष्टिले पनि अत्यन्त महत्वपूर्ण छ । अध्ययनहरूले देखाउँछन्- देशका करिब ७६ प्रतिशत परिवारमा कम्तीमा एक सदस्य विदेशमा छन् । मतदानको प्रश्नमा यो तथ्य झनै महत्वपूर्ण बन्छ किनकि कुल मतदातामध्ये करिब २५ प्रतिशत नागरिक मतदानको दिन नेपालमै उपस्थित हुन सक्दैनन् । यस्तो विशाल समूहलाई निर्णय प्रक्रियाबाट बाहिर राख्नु केवल व्यवस्थापकीय कमजोरी होइन, लोकतान्त्रिक प्रतिनिधित्वमै गहिरो चोट हो ।

यसैबीच, प्रवासी नेपालीप्रति हाम्रो समाजमा समय-समयमा सिर्जना हुने गलत बुझाइ पनि सम्बोधन गर्न आवश्यक छ । झन्डै डेढ वर्षअघि, एक सार्वजनिक कार्यक्रममा एक नेताले यस्तो टिप्पणी गरेका थिए- उनीहरूलाई नेपालबारे के थाहा हुन्छ र ? विदेशमा रेस्टुरेन्टमा काम गर्छन्, भाँडा माझ्छन् अनि हात पुछ्न नपाउँदै फेसबुकमा टिप्पणी गर्छन् । यो भनाइ सुन्दा कठोर र पीडादायी लाग्न सक्छ । तर सार्वजनिक भूमिकामा रहने व्यक्तिहरूले सामाजिक सञ्जालमा आउने अत्यन्त कटु तथा व्यक्तिगत चोट पुऱ्याउने टिप्पणीहरू झेल्नुपर्ने भएकाले कहिलेकाहीँ यस्तो वक्तव्य व्यक्तिगत थकान वा निरन्तर आक्रमणको प्रतिक्रियाबाट जन्मिन सक्छ । तथापि व्यक्तिगत पीडाबाट व्यक्त भएको आक्रोश सम्पूर्ण प्रवासी समुदायको मूल्यांकन बन्न सक्दैन ।

कठोर टिप्पणी गर्ने थोरै मानिस र आफ्नो पसिना, श्रम र संघर्षले देश धानिरहेका लाखौं नेपाली प्रवासी एउटै समूह होइनन् । हो, धेरै नेपाली विदेशमा रेस्टुरेन्ट, किचन, केयर-होम, फ्याक्ट्री, निर्माणस्थल वा कृषि क्षेत्रमा कठिन परिश्रम गर्छन् । उनका हात पसिना, माटो वा साबुनले भिजेका हुन सक्छन् तर ती हातहरूले



घरपरिवार बचाइरहेका छन्, बालबालिकाको विद्यालय शुल्क तिराइरहेका छन्, बाबुआमाको उपचार सम्भव बनाइरहेका छन् ।

उनको पेशाले उनीहरूको चेतनालाई कम गर्दैन, बरु अझ गहिरो बनाउँछ । विदेशमा भाँडा माझ्ने नागरिकले कतिपय अवस्थामा नेपाललाई त्योभन्दा राम्रो बुझ्छ, जसले कहिल्यै संघर्षको स्वाद चाखेको छैन । उनीहरू नेपालबाट टाढा हिँडेका होइनन्- नेपालले उनीहरूलाई समाउन नसकेको हो । १२-१४ घण्टाको थकाइपछि पनि उनीहरू नेपालकै समाचार खोज्छन् । उनको शरीर थाके पनि देशप्रतिको माया कहिल्यै थाक्दैन । यदि कसैले देशप्रति बोल्ने नैतिक अधिकार कमाएको छ भने त्यो प्रवासी नै हो ।

यही पृष्ठभूमिमा आई-भोटिङ केवल प्रविधिगत समाधान होइन, सम्बन्ध, अधिकार र देश-नागरिकबीचको भावनात्मक पुनर्जोड हो । नेपालका जेनजी युवाले हाल देखाइरहेको आन्दोलनले लोकतन्त्र पारदर्शी, विश्वसनीय र समावेशी हुनैपर्छ भन्ने सत्यलाई प्रष्ट पारिदिएको छ । विदेशमा रहेका नेपाली युवाले पनि यही भावना व्याख्या गर्छन्- हामी टाढा छौं तर टुटेका छैनौं ।

देशभित्रबाहिर बसेका युवाहरूले एउटै प्रश्न उठाइरहेका छन्- के नेपालले आफ्ना सबै नागरिकको आवाज सुन्छ ? प्रवासीहरूले रेमिट्यान्स मात्र पठाउँदैनन्; उनीहरूले नयाँ सोच, नयाँ कार्य-संस्कृति र विश्वदृष्टि नेपालमा भित्र्याउन सक्छन् । उनीहरूको मूल चाहना स्पष्ट छ- पहिचान तथा सम्मान । लोकतन्त्र तब बलियो हुन्छ, जब नागरिकले आफू समावेश भएको महसुस गर्छ । देशले जब आफ्ना नागरिकलाई सुन्छ, नागरिकले देशलाई अझ माया गर्छ । यदि हामी 'देश-विदेशका नेपाली नै हाम्रो शक्ति हुन्' भन्ने मान्यतामा विश्वास गर्छौं भने, उनीहरूको आवाजलाई पनि समान महत्व दिनुपर्छ ।

नेपालका बाटाहरूमा हिँड्ने हरेक नागरिक देशमै हुन् वा परदेशमा सबैका मनमा एउटै चाहना हुन्छ- देशले आफ्नो आवाज सुनेको अनुभूति होस् । प्रवासी नेपालीहरूले दूरीमा बसेर पनि देशलाई दैनिक जीवनको अविच्छिन्न अंश झैं बोक्ने गर्छन् । पंक्तिकारले भेट्ने धेरै युवाहरू राति २ बजे रेस्टुरेन्ट बन्द गरेर थकित शरीर लिएर कोठामा पुग्छन् र भन्छन्- दाइ, हामी दिनभर काम गर्छौं, तर नेपालका समाचार हेर्न छोडेका छैनौं । हाम्रो मुटु त नेपालमै छ ।

मताधिकार केवल राजनीतिक अधिकार मात्र होइन- यो भावनात्मक पहिचान हो । जब नागरिकलाई मत दिन दिइँदैन, त्यो केवल भोट खसाल्न रोकेको होइन, उसको अस्तित्वलाई बेवास्ता गरेको जस्तै हुन्छ । आई-भोटिङ यसैले प्रविधिको विषय मात्र होइन- सम्बन्ध, सम्मान र अपनत्व पुनर्स्थापित गर्ने प्रक्रिया हो । यो भन्नु हो- तिमी जहाँ छौं, नेपालले तिमीलाई बिर्सेको छैन ।

प्रवासी नेपालीहरू छोराछोरीको भविष्य सुरक्षित बनाउन, बाबुआमाको स्वास्थ्य जोगाउन र घर-परिवारको सुरक्षाका लागि आफ्नो व्यक्तिगत सपनाभन्दा पहिले देश र परिवारलाई प्राथमिकता दिन्छन् । यस्तो त्याग गर्ने समुदायले आफ्नै देशको नेतृत्व छान्न नपाउनु केवल विडम्बना मात्र होइन, यो अन्याय पनि हो ।

यदि नेपालले विश्वभर छरिएका आफ्ना नागरिकको आवाज समेट्न सकेन भने लोकतन्त्रका जगहरू अधुरा नै रहन्छन् । समावेशी लोकतन्त्र भन्नुको अर्थ सीमाना हेर्नु होइन, नागरिकको आत्मा पहिचान गर्नु हो । आजको पुस्ता काठमाडौंबाट सडकमा उभिएर आवाज उठाउने या कोरियाको कारखानामा १२ घण्टा उभिएर काम गर्ने, सबैले एउटै भाव व्यक्त गर्छन्- हामीलाई पनि सुन्नुहोस् । देशले जब आफ्ना नागरिकको अपेक्षा आत्मसात् गर्न थाल्छ, तब देश बलियो बन्छ । देशले अपनत्व दिन थालेपछि नागरिकले देशलाई झनै माया गर्छ । अब समय आएको छ- प्रवासी नेपालीलाई केवल कागजमा होइन, मुटुमा फर्काउने । आई-भोटिङले उनीहरूलाई मताधिकार मात्र दिँदैन-देशसँगको भावनात्मक डोरी पुनः गाँसिदिन्छ ।

*(डा. कार्की, शिक्षा क्षेत्रमा स्वतन्त्र चिन्तक तथा अनुसन्धानकर्ता हुन् ।)*

## इतिहासमा आज

२४ नोभेम्बर २०१७ मा इजिप्टको उत्तरी सिनाईको अल-राव्दामा रहेको एक मस्जिदमा भएको आतंकवादी आक्रमणमा ३ सय ११ जनाको मृत्यु भएका थिए भने १२८ जना घाइते भएका थिए ।



२४ नोभेम्बर २०१६ मा कोलम्बिया सरकार र कोलम्बियाको क्रान्तिकारी सशस्त्र बल जनसेनाले संशोधित शान्ति सम्झौतामा हस्ताक्षर गरेका थिए, जसले देशको ५० वर्षभन्दा बढी लामो गृहयुद्धको अन्त्य गरेको थियो ।



२४ नोभेम्बर २०१५ मा इजिप्टको अल-आरिसमा रहेको एक होटलमा भएको आतंकवादी आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको थियो भने १२ जना घाइते भएका थिए ।



२४ नोभेम्बर २०१२ मा बंगलादेशको ढाकामा रहेको कपडा कारखानामा आगलागी हुँदा कम्तीमा १ सय १२ जनाको मृत्यु भएको थियो । बंगलादेश उद्योगमा आगलागी हुने मुलुकमा अग्रपंक्तिमा पर्दछ ।



# स्वदेशी उठान, विदेशी बैठानको चक्र

**विचार**



● डा. शम्भू कट्टेल

*बारम्बार देखिने घटनाक्रमले स्पष्ट हुन्छ- विद्रोहको उठान जनताबाट हुन्छ तर अन्तिम 'बैठान' भने विदेशी स्वार्थ, बाह्य संयोजन र पुरानो शक्ति संरचनाको मिलेमतोमा तय हुन्छ । विदेशी हस्तक्षेप नै सबथोक हो भन्न मिल्दैन, तर निर्णायक मोडहरूमा विदेशी शक्ति केन्द्रहरूको प्रभाव नदेखिने अवस्था पनि कहिल्यै बनेन ।*

नेपालको राजनीतिक इतिहास हेर्दा, प्रत्येक ठूलो विद्रोहको उत्पत्ति स्वदेशी माटोमै भएको देखिन्छ । जनता अन्याय, शोषण, निरंकुशता र भ्रष्टाचारविरुद्ध उठ्छन्, ठूला बलिदान दिन्छन्, परिवर्तनको ढोका खोल्छन् । तर अन्तिम नतिजा भने पटक-पटक विदेशी शक्तिहरूको सहजीकरण, सम्झौता र 'व्यवस्था मिलाइदिने' चलनकै कारण पुरानै ढाँचामा फर्किएको चित्र दोहोरिँदै आएको छ । यो विरोधाभास नेपालका धेरै आन्दोलनहरूको साझा कथा जस्तै बनेको देखिन्छ । राणा शासनविरुद्धका प्राचीन विद्रोहहरू लखन थापादेखि योगमायासम्म सबै स्वदेशी चेतनाबाट जन्मिएका थिए । ती विद्रोहहरूमा विदेशी शक्ति, विदेशी संशाधन वा विदेशी 'बैठन' देखिँदैन । ती संघर्षहरू नेपाली जनताको आफ्नै दुःख र आफ्नो माटोको प्रत्यक्ष प्रतिवाद थिए । त्यसैले ती विद्रोहहरूको स्वदेशीपनमा विवाद उठ्दैन ।

तर, २००७ सालपछि भने कथा बिस्तारै बदलिन थाल्छ । निरंकुश राणा शासनविरुद्ध उठेको २००७ को जनविद्रोह जनताको सीधै राज्यविरुद्ध उठेको आवेग थियो । नेपाली कांग्रेसले जनमुक्ति सेना गठन गरेर सशस्त्र संघर्ष गऱ्यो । हजारौं जनताले राणा शासन भत्काइने आशामा आफ्नो जीवन दिए । तर अन्तिम मोड दिल्लीमा आयो, भारतीय शासकहरूको मध्यस्थतामा राणा र कांग्रेसबीच सम्झौता भयो । जनताले बुटसँग टक्कर खाएर ल्याएको तरंग विदेशी भूमिमा थामियो र अन्तिम नतिजा स्वदेशमै किनारा लागेन । परिवर्तन आयो तर जनविद्रोहको लक्ष्यजति आयामिक परिवर्तन सम्भव भएन ।

यस्तै, कथन २०४६ सालको जनआन्दोलनमा पनि भेटिन्छ । कीर्तिपुरदेखि पाटन मंगलबजारसम्म उर्लिएको जनसागर, वामपन्थीहरूद्वारा नेतृत्व गरिएको विद्रोह, राजाको शालिकमा सार्वजनिक आक्रमण- सबै संकेत थिए कि जनता पुरानै राजतान्त्रिक संरचनाबाट पार पाउन चाहन्छन् । तर फेरि पनि निर्णायक मोडमा भारतीय प्रधानमन्त्री चन्द्रशेखरसहितका बाह्य शक्तिहरूको ' तालमेल' आयो । आन्दोलन टुंगियो, तर जनता चाहन्थे त्यसभन्दा गहिरो परिवर्तन । हामीले प्राप्त गऱ्यौं संविधानसहितको राजतन्त्र, जुन जनताको मागअनुसारको पूर्ण प्रणालीगत परिवर्तन थिएन ।

२०५२-६२ को माओवादी जनयुद्धले त झनै टाठाबाठाको राजनैतिक संरचनासँग गम्भीर टक्कर दियो । महिला, दलित, गरिब जनतासहित समाजका उपेक्षित समूहहरूले जनताको जनवादको नाममा विद्रोह गरे । सिंगो दशकको युद्ध, दमन र बलिदानपछि पनि निर्णायक मोड भने दिल्लीमै आयो । सम्झौता भए, व्यवस्था फेरियो तर युद्धले खोजेको जनगणतन्त्र होइन, धनाढ्यहरूको जनवाद नै कायम रह्यो । जनताको बलिदान स्वदेशी थियो, तर 'बैठन' विदेशी ढाँचामा पऱ्यो ।

२०६२-६३ को जनआन्दोलनले लोकतान्त्रिक गणतन्त्रको बाटो खोल्यो । सडकमा उर्लिएका जनता जनगणतन्त्रको नारा लगाउँदै उभिएका थिए । तर फेरि पनि निर्णायक मोड बाहिरबाटै आयो । अमेरिकासहित विभिन्न शक्ति-समूहहरूको भूमिकामा दिल्लीकै राजनीतिक छायामा अन्तिम भेटघाट, अन्तिम सहमति र अन्तिम दिशानिर्देश तय भयो । जनताले उठाएको आकांक्षा-सम्पूर्ण संरचनात्मक परिवर्तन अन्तिममा 'समायोजित लोकतन्त्र'मै समेटियो ।

सबैभन्दा नयाँ, २०८२ भदौ २३/२४ को जेन्जी विद्रोहलाई बुझ्दा पनि यही चक्र दोहोरिएको अनुभूति हुन्छ । उठानमा जनता, निषेधमा राज्य, निर्णायक चरणहरूमा फेरि पुरानै शक्ति-केन्द्र । जेन्जी आन्दोलनमा पुराना पार्टीबाट असन्तुष्ट कार्यकर्ता, राजावादी, विभिन्न कम्युनिस्ट समूहका तल्ला तहका सदस्य र भ्रष्टाचार र लूटतन्त्रबाट दिक्क परेका सर्वसाधारण युवाहरु सडकमा उत्रिए । सरकारले दमन गऱ्यो, घुँडामाथि लक्ष्य गरी गोली चलाइए, दुई दर्जन भन्दा बढी युवा मारिए । अर्को दिन ठूलो भीड काठमाडौंका सत्ता-संस्थाहरू- सिंहदरबार, संसद भवन, दलका कार्यालय, न्यायालय सबैका प्रतीकात्मक संरचनामा आगो लिएर उभियो ।

तर यो विद्रोहको निर्णायक मोड पनि सरकारी, सैनिक र बाह्य 'तालमेल'का संकेतहरूसँगै मोडियो । राजावादी वा रास्वपाका नेताहरू विद्रोहीको लक्ष्य बनेनन्, उल्टै केही ठाउँमा विद्रोहीहरूले उनीहरूलाई सहयोग नै गरेजस्तो देखियो । सुरक्षा निकाय, राज्य संरचना र विदेशी स्वार्थबीच रहेको जटिल सम्बन्धले आन्दोलनको गति फेरियो । अन्ततः बनेको सरकार सुधारका केही कदम लिए पनि जेन्जी विद्रोहका मूल मागहरूको कार्यान्वयनमा लागेन । भ्रष्टाचारमा कारबाही, हत्याको न्याय, संरचनागत राजनीतिक सुधारण सबै थांतीमा परे ।

यसरी हेर्दा, नेपालको इतिहासमा बारम्बार देखिने एउटा गहिरो प्रवृत्ति स्पष्ट हुन्छ- विद्रोहको उठान जनताबाट हुन्छ, तर अन्तिम 'बैठान' भने विदेशी स्वार्थ, बाह्य संयोजन र पुरानो शक्ति संरचनाको मिलेमतोमा तय हुन्छ । विदेशी हस्तक्षेप नै सबथोक हो भन्न मिल्दैन, तर निर्णायक मोडहरूमा विदेशी शक्ति केन्द्रहरूको प्रभाव नदेखिने अवस्था पनि कहिल्यै बनेन । जनताले पुरानोलाई चिर्न उठाउँछन् तर अन्त्यमा परिणाम पुरानै संरचनालाई परिमार्जन गरिने तहमै सीमित हुन्छ ।

नेपालका विद्रोहहरूको इतिहास हामीलाई सिकाउँछ- जनताको उठान बलियो छ, तर त्यो उठानले खोजेको लक्ष्य पूरा हुन विदेशी तालमेल, सत्ता-समूहको सम्झौता र पुरानै ढाँचाको संरक्षणले बारम्बार अवरोध पुऱ्याउँछ । परिवर्तनको यात्रा अधुरो भइरहने यही चक्र तोड्न सकेमा मात्र कुनै विद्रोह आफ्नो वास्तविक अर्थमा पूरा हुनेछ ।

## सामाजिक सञ्जाल



**लोकेश ढकाल**

कांग्रेसले नियमित वा विशेष कुन महाधिवेशन गर्छ, त्यो महत्वपूर्ण होइन । वामपन्थी भासबाट बाहिर आउँछ कि आउँदैन ? यो करोडको प्रश्न हो । १२ बुँदे यता गरेको राजनीतिक भुललाई सच्याएर राजनीतिक रोड करेक्सन गर्दै बिपीको 'राष्ट्रिय एकता मेलमिलाप नीति'को अधीनमा आउँछ कि आउन्न यो महत्वपूर्ण हो ।



**सूर्यराज आचार्य**

अन्तर्राष्ट्रिय सम्बन्धमा मित्रता, सद्भाव, दया वा मायाभन्दा माथि हरेक देशको आफ्नो राष्ट्रिय स्वार्थ हुन्छ । त्यसैले जानी/नजानी विदेशीको आडमा राजनीति गर्ने समूह वा व्यक्ति अन्ततः विदेशीको गोटी बन्न पुग्छन् । 'गोटी'को रमझम दिगो हुँदैन, ढिलो चाँडो पछुताउने दिन आउँछ । चेतना भया !



**कृष्ण शर्मा**

एमालेलाई स्पष्ट थाहा छ, संसद् पुनर्स्थापना हुँदैन । आयोगले बोलाउँदा जानै पर्छ । चुनावमा सबै गए, पार्टी जानै पर्छ । अरू पार्टीहरूलाई लागिरहेको होला, एमाले किन यसो गरेको छ । यो चुनावी माहौलका लागि नै हो । त्यसमाथि केपीलाई अध्यक्ष बनाउने महेश बस्नेतको यो तरिका हो । यो देखे पछि ईश्वर पोखरेल पनि मैदान छोडेर भाग्छन् । एमाले चुनावमा गइसकेको छ ।



**सुबोध प्याकुरेल**

प्रहरीले बन्दुक बोक्न नपाउने । प्रहरी अधिकृत र प्रशासकले एउटा असभ्य समक्ष सरुवा गरी पाऊँ भन्नु पर्ने । र नभन्दै उनीहरूको सरुवा गरेर (बाराको मामिला) सरकारले अराजकताप्रतिको पक्षधरता देखाउने । यही मौकामा ओलीले फोर्स गठन गर्ने । उदाहरण नेपालगन्जमा त्यस्तै ढाँचा । देशव्यापी बन्दै छ अराजकता ।

# महेश बस्नेतप्रति दुर्व्यवहार

## एमाले प्रदेश कमिटीको आपत्ति

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, ७ मंसिर



नेकपा एमालेका नेता महेश बस्नेत चढेको गाडीमा बेलुनमा पानी भरेर रातो मसी छ्याप्ने युवाहरू नेपाली कांग्रेसका कार्यकर्ता रहेको खुलेको छ ।

आइतबार सुनसरीको इटहरीमा आयोजना भएको युवा भेलाका लागि विराटनगर आएका बस्नेतको गाडीमा एयरपोर्ट गेटबाट निस्कँदै गर्दा केही युवाले रातो रङ घोलिएको पानी भरेको बेलुनले हानेका थिए ।

मोरङ प्रहरी प्रवक्ता डिएसपी कोपिला चुडालका अनुसार बस्नेतको गाडीमा मसी हान्ने दुई जनालाई प्रहरीले तत्काल नियन्त्रणमा लिएको थियो । प्रहरीले विराटनगर महानगरपालिका वडा नम्बर-१ का २५ वर्षीय सञ्जोग गौतम र २ नम्बर वडाका १९ वर्षीय अर्पित कुँवरलाई पक्राउ गरेको छ ।

उनीहरू दुबै जना कांग्रेस निकट नेपाल विद्यार्थी संघ (नेविसंघ) का कार्यकर्ता रहेको खुलेको छ । गौतम नेविसंघ (शेखर समूह) महेन्द्र मोरङ क्याम्पस इकाइ समिति सभापति हुन् । महेन्द्र मोरङमा संस्थापन र कोइराला समूहको छुट्टाछुट्टै समिति छ ।

गौतम यसअघि पनि पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपतिलाई दुर्व्यवहार गरेको विषयमा विवादमा तानिएका थिए । नेविसंघ मोरङका एक नेताका अनुसार भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि उनी पार्टी गतिविधिमा त्यति सक्रिय छैनन् । उनी जेनजी आन्दोलनमा सहभागी भएका थिए । पक्राउ परेका अर्का कुँवर पनि नेविसंघकै कार्यकर्ता हुन् ।

गौतम नेपाली कांग्रेस विराटनगर महानगर सभापति दीपक चापागाईं निकट मानिन्छन् । उनले चापागाईंको सचिवालयमा पनि काम गरेका थिए । चापागाईंले उनीहरू जेनजी आन्दोलनपछि पार्टीको गतिविधिमा सक्रिय नरहेको बताएका छन् ।

यसैबीच नेकपा एमाले कोशी प्रदेश कमिटीले आफ्नो स्थायी कमिटी सदस्य भानुभक्त ढकाल र पोलिटब्युरो सदस्य तथा युवा नेता महेश बस्नेतमाथि भएको दुर्व्यवहार र आक्रमणको प्रयासप्रति गम्भीर आपत्ति जनाएको छ ।

आइतबार विराटनगर विमानस्थलबाट इटहरीतर्फ जाँदै गर्दा बस्नेत नेतृत्वको टोलीमाथि योजनाबद्ध रूपमा भिड जुटाई ढुंगा प्रहार, बाटो अवरुद्ध गर्ने तथा शारीरिक आक्रमणको प्रयास गरिएको एमालेले आरोप लगाएको छ ।

प्रदेश कमिटीका अध्यक्ष घनश्याम खतिवडाले विज्ञप्ति जारी गरेर उक्त घटना अपराधिक, दुःखद र पूर्ण रूपमा निन्दनीय रहेको बताएका छन् । राजनीतिक व्यक्तित्वमाथि यो शैलीको आक्रमणले लोकतान्त्रिक मूल्य-मान्यतामाथि नै प्रहार भएको एमाले कोशीले टिप्पणी गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, 'हालैका घटनाप्रति सरकारले आवश्यक ध्यान नदिएको र अपराधी समूहलाई खुला संरक्षण मिलेको जस्तो देखिएकोले सुरक्षा संवेदनशील बन्दै गएको छ । घटनामा संलग्न व्यक्तिहरूलाई छानबिन गरी कानुनी कारबाही गर्न आग्रह गर्दछौं ।'

एमालेलाई राजनीतिक द्वन्द्व, नेतामाथि आक्रमण र सामाजिक हिंसा भड्काउने गतिविधि कुनै हालतमा स्वीकार्य नहुने भन्दै खतिवडाले चुनाव, सभासम्मेलन र जनआन्दोलन लोकतान्त्रिक अभ्यास भएकाले यस्ता आक्रमणले जनताको अधिकारमा धक्का लागेको टिप्पणी गरेका छन्। अध्यक्ष खतिवडाले शान्तिपूर्ण राजनीतिक अभ्यास र नागरिक सुरक्षा सुनिश्चित गर्न राज्य गम्भीर भएर लाग्नुपर्ने आवश्यकता औंल्याउँदै आगामी दिनमा यस्ता कुरा नदोहोऱ्याउन चेतावनी दिएका छन् ।

# चौरजहारीमा 'जनतासँग स्थानीय सरकार' कार्यक्रम

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ७ मंसिर

रुकुम पश्चिमको चौरजहारी नगरपालिकामा आइतबार 'जनतासँग स्थानीय सरकार' कार्यक्रम सम्पन्न भएको छ । मानव सेवा विकास तथा सामुदायिक सेवाअन्तर्गत थ्रिएसआर परियोजनाको आयोजनामा भएको कार्यक्रममा कृषि तथा पशुपालन क्षेत्रका मुद्दामा विस्तृत संवाद गरिएको थियो ।

जहारीखोला बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा आयोजित कार्यक्रममा वडा नम्बर १०, ११ र १२ का कृषि तथा पशुपालन आमा समूहका करिब ४० जना सदस्यको सहभागिता थियो । चौरजहारी नगरपालिका प्रमुख पुष्प वादी प्रमुख अतिथि रहेको कार्यक्रम नेपाल पत्रकार महासंघ रुकुम पश्चिमका अध्यक्ष गोपालप्रसाद रेग्मीले सञ्चालन गरेका थिए ।

कार्यक्रममा चौरजहारी नगरपालिका अन्तर्गतका १४ वटै वडामा कृषिको वर्तमान अवस्था, चालु आर्थिक वर्षमा सञ्चालन भएका कार्यक्रम तथा आगामी योजनाबारे नगर प्रमुख वादीले जानकारी गराए । विशेषगरी बीउ, मल र कृषि औजारको उपलब्धता, उत्पादनको मूल्य निर्धारण, न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्ने उपाय, स्थानीय बजार विस्तार तथा सहकारीमार्फत उत्पादन वितरण गर्ने प्रणालीबारे विस्तृत छलफल गरिएको थियो ।

सिंचाइ सुविधाको विस्तार, नहर तथा ट्युबवेल व्यवस्थापन, जलवायु परिवर्तनका असर- जस्तै अनियमित वर्षा वा सुक्खा अवस्थालाई सामना गर्ने रणनीति, पशुपालनमा रोग नियन्त्रण, भ्याक्सिन तथा पशुचिकित्सा सेवा उपलब्धता जस्ता विषय कार्यक्रमका मुख्य एजेन्डा बने ।

परियोजना संयोजक सुदीप खत्रीका अनुसार फलफूल, तरकारी तथा मत्स्यपालनजस्ता वैकल्पिक कृषि पद्धतिलाई प्रोत्साहन गर्ने, आधुनिक खेती प्रविधिको तालिम सञ्चालन गर्ने, मोबाइल एप तथा डिजिटल प्लेटफर्ममार्फत किसानलाई आवश्यक जानकारी उपलब्ध गराउने योजनाबारे पनि छलफल गरिएको थियो ।

# उपन्यासकार निर्विज अन्तर्राष्ट्रिय बज्जिका सेवीबाट सम्मानित

**सर्लाही/मस-** बज्जिका भाषाका प्रखर उपन्यासकार विजय यादव 'निर्विज'लाई कवि सदानन्द अन्तर्राष्ट्रिय बज्जिका सेवी सम्मान-२०८२बाट सम्मान गरिएको छ । सर्लाही मलंगवामा बज्जिका साहित्य समाज सर्लाहीले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि जिल्ला सम्नव्य समिति सर्लाहीका सभापती कौशल किशोर सिंह र बज्जिका साहित्य समाज सर्लाहीका अध्यक्ष रामचन्द्र महतो कुशवाहाले सम्मान-पत्र प्रदान गरे ।



नेपालमै पहिलो बज्जिका उपन्यास प्रतिमाका लेखक निर्विज अभिनयमा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका छन् । २०७९ सालको मधानी महोत्सवमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनले विमोचन गरेका थिए ।

उनी फतुवा-विजयपुर नगरपालिकाको मेयर पदका निकटतम प्रतिस्पर्धी रहिसकेका तथा हाल आम जनता पार्टी लुम्बिनी प्रदेश अध्यक्षका रूपमा सक्रिय छन् । कार्यक्रममा नेपाल-भारतका साहित्यकार तथा संगीतकर्मीहरूलाई पनि सम्मान गरिएको थियो ।

रौतहटका साहित्यकार संजय साह मित्रलाई ५० हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको सचिव मुकेश मिश्रले जानकारी दिए । समारोहमा साहित्यकार, पत्रकार र समाजसेवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## लुम्बिनी विकास बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति २०८२/०८/०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधिनमा रही आफुले कबुल गरेको रकमको न्यूनतम १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी बोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय, डिल्लीबजार, काठमाडौंमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिनमा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३:०० बजे बोलपत्र खोलिने छ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम एक प्रतिको रु. ५००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिनेछ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नुहोला ।

**तपसिल**

| क्र.सं. | जिल्ला | म.न.पा./उ.म.न.पा./न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | काठमाडौं | मनमैजु | ८ | ३६८ | १२८.६६ (व.मि.) | घर/जग्गा |

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८२ मंसिर १४ गते आइतबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ मंसिर १५ गते सोमबार दिनको ३:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लि. केन्द्रिय कार्यालय, डिल्लीबजार कर्जा असुली विभाग ।**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६**
**फ्याक्स नं. ०१-४५१३५२६**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०८/०८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : सिलौटिया बागेश्वरी बोर्डिङ्ग स्कूल प्रा.लि.**<br>दर्ता गर्ने निकाय : प्रदेश सरकार, उद्योग मन्त्रालय, कम्पनी राजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाण्डौ<br>दर्ता नं : ६३३४०/०६५/०६६, दर्ता मिति : २०६६/०२/२४<br>रजिष्टर्ड ठेगाना : सिलौटिया - २, रुपन्देही<br>**संचालक : दिना नाथ यादव, शाखा कार्यालय : भैरहवा** |

**व्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : दिना नाथ यादव**<br>बाबुको नाम : गोपाल प्रसाद अहिर<br>बाजेको नाम : सुखारी अहिर<br>ठेगाना : ओडवलिया - ६, रुपन्देही<br>हाल : मर्चवारी - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ५/२२७, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०५१/०१/०९ | **२. नाम : दुध नाथ यादव**<br>बाबुको नाम : गोपाल प्रसाद अहिर<br>बाजेको नाम : सुखारी अहिर<br>ठेगाना : ओडवलिया - ६, रुपन्देही<br>हाल : मर्चवारी - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ३७२०६१/१३७११<br>जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६६/०८/१० |
| **३. नाम : जगरनाथ यादव**<br>बाबुको नाम : गोपाल प्रसाद अहिर<br>बाजेको नाम : सुखारी अहिर<br>ठेगाना : ओडवलिया - ६, रुपन्देही<br>हाल : मर्चवारी - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ३७-०१-७४-११५८२<br>जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७४/०६/३१ | **४. नाम : मुमफलिया अहिर**<br>पतीको नाम : गोपाल प्रसाद अहिर<br>ससुराकोको नाम : सुखारी अहिर<br>ठेगाना : ओडवलिया - ६, रुपन्देही<br>हाल : मर्चवारी - ५, रुपन्देही<br>ना.प्र.प.नं. : २/१०४९<br>जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०४४/११/१२ |
| **५. नाम : इसरावती देवी यादव**<br>पतीको नाम : दिना नाथ यादव<br>ससुराको नाम : गोपाल प्रसाद अहिर<br>ठेगाना : ओडवलिया - ६, रुपन्देही<br>हाल : मर्चवारी - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ३७३०६१/७४<br>जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६३/११/२३ | **६. नाम : गोपाल प्रसाद अहिर**<br>बाबुको नाम : सुखारी अहिर<br>बाजेको नाम : कुमार अहिर<br>ठेगाना : ओडवलिया - ६, रुपन्देही<br>हाल : मर्चवारी - ५, रुपन्देही<br>ना.प्र.प.नं. : २३०८२<br>जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०३५/०६/०६ |

**धितोको विवरण**

१. गोपाल प्रसाद अहिरको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको सिलौटिया - २/ग, रुपन्देही स्थित कि.नं. ३०४ र ४२८ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-४-५.५-० घरजग्गा र ओडवलिया - ६, रुपन्देही स्थित कि.नं. १७५, १८५ र १८६ को क्षेत्रफल क्रमशः ०-४-२-०, ०-३-१५-० र ०-३-१५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

२. लुम्बिनी विकास बैंक धनी भइ सिलौटिया बागेश्वरी बोर्डिङ्ग स्कूल प्रा.लि. ऋणीको नाममा यातायात व्यवस्था कार्यालय लुम्बिनीमा दर्ता रहेको सवारी नं. लु १ क ३८८९ को स्कुल बस ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ मंसिर १४ गते आइतबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ मंसिर १५ गते सोमबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

**MALAYSIA मा रोजगार**
कम्पनी: TRUSAN SAPI RICE PLANTATION SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०८/०७ — चलानी नं.: ६०२४७६६३ — LT. No.:333977

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 20 | 0 | स. काममा दक्ष | 1700 | ५८,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

noon Resources Pvt. Ltd. Lic. No:1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal, Tel.: 01-5916778 Email : noonresources@gmai.com, info@noonresources.com/
Website: www.noon resources.com Mobile No: 9801276194, 9801464676

**मलेसियामा रोजगार**
कम्पनी: MESTIKA RESOURCES SDN BHD — शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८१/१२/२५ — चलानी नं.:६०२३५७३९ — L.T. No.: 321622 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1700 | ५८,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PALIV INTERNATIONAL PVT. LTD. — श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: palivinternational73@gmail.com,naya.sandesh8@gmail.com, Mobile: 9801070598, 9820112709,9820112700 URL: www.palivinternational.com

**कतारमा रोजगार**
कम्पनी : SEASONS HOSPITALITY AND CLEANING COMPANY — शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८१/१२/०१ — चलानी नं.: ६०२३४५७१ — LT. No.:320400 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1100 | ४३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145
Mobile No: 9813995098, 9851003367.

**मलेसियामा रोजगार**
कम्पनी : YUSOF & CHEW SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०८/०७ — चलानी नं.: ६०२४७६५० — LT. No.: 333965

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 37 | 0 | स. काममा दक्ष | 1700 | ५८,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PERKHIDMATAN TEGUH SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०१/२२ — चलानी नं.: ६०२३७०६८ — LT. No.: 322952 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 3 | 0 | स. काममा दक्ष | 1700 | ५८,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मिति २०८२ मंसिर १५ गते (1 December 2025) मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PANGENI HUMAN RESOURCES PVT. LTD. — श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४९८६६००/४९८६२०४
मो.: ९८४१५८२९५८, ९८१३३५६३८०, ९८६२६६०६६१, ९८५११३१०७२
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

**साउदीमा रोजगार**
कम्पनी: ABDUL KARIM ABDULLAH MOHAMMED AL SAQABI ENTERTAINTMENT CENTER — शहर: AL ZULFI
पूर्व स्वीकृत मिति:२०८२/०८/०७ — चलानी नं.: ६०२४७६७१ — L.T. No.: 334009

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 9 | 0 | स. काममा दक्ष | 1200 | ४५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अल समिट म्यानपावर प्रा.लि. — श्रम इजाजत पत्र नं. ४९५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

**साउदीमा रोजगार**
कम्पनी: SECRET OF HAPPINESS TRADING ESTABLISHMENT — शहर : DAMMAM
पूर्व स्वीकृत मिति : २०८२/०४/१२ — चलानी नं.: ६०२४१८१९ — LT. No.: 327957 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Metta International Pvt. Ltd. — श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोन: ४१११२६९, ४१११२६७ Fax.: 4112978, Mobile No:9848697395
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com

**जोर्डनमा रोजगार**
कम्पनी: Al Muthanna Recruitment For Recruiting And Hiring Domestic Workers — शहर: Jordan,Amman
पूर्व स्वीकृत मिति: २०८२/०८/०७ — चलानी नं.: ६०२४७६६४ — LT. No.: 333999

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 50 | स. काममा दक्ष | 300 | ४२,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मेनपावर लिंक प्रा. लि. — श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७७६७६, Email: info@manpowerlink.com

**कतारमा रोजगार**
कम्पनी : LABELLE LADIES SALON — शहर: QATAR,DOHA
पूर्व स्वीकृत मिति: २०८२/०८/०७ — चलानी नं.: ६०२४७६६२ — LT. No.:333996

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hanna Beautician | 0 | 1 | स. काममा दक्ष | 2100 | ८२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १५ गते (1 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

JOBS GLOBAL.COM Employment Services Pvt. Ltd. — Govt. Lic. No 192/057/058
Jobs Global.Com Employment Services Pvt. Ltd.
P.O. Box: 23080, Basundhara, Kathmandu, Nepal
Tel : 5907240 Fax: +977-1-4002625 Mobile : 9801100112, 9801100114, 9801100116.
Email: jobsglobalnepal@gmail.com | Web: jobsglobal.com.np

निर्वाचन सुरक्षा तयारी

# तीनै सुरक्षा निकायका सवारीसाधन खरिद अन्तिम चरणमा




**काठमाडौं/मस**–आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण, भयरहित र स्वतन्त्र वातावरणमा सम्पन्न गर्न गृह मन्त्रालयले तीनै सुरक्षा निकायका लागि आवश्यक सवारीसाधन खरिद प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएको छ।

अर्थ मन्त्रालयबाट खरिद अनुमति प्राप्त भइसकेपछि सवारीसाधन खरिदको प्रक्रिया तीव्र गतिमा अघि बढाइएको गृहमन्त्रीको सचिवालयले जनाएको छ। जेनजी आन्दोलनका क्रममा पूर्ण रूपमा आगजनी भएर ध्वस्त भएका अत्यावश्यक सवारीसाधनका स्थानमा नयाँ सवारीसाधन उपलब्ध गराउन अर्थ मन्त्रालयले स्रोत उपलब्ध गराएपछि खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको हो।

गृह मन्त्रालयका अनुसार चुनावको वातावरण निर्माण तथा सुरक्षाका लागि आवश्यक सवारीसाधनको अभाव नहोस् भन्ने उद्देश्यले निर्वाचनपूर्व नै सबै सवारीसाधन खरिद गरिनेछ। अर्थ मन्त्रालयबाट नेपाल प्रहरीका लागि नियमित बजेटमार्फत १ सय ५६ सवारीसाधन खरिदका लागि ३५ करोड ११ लाख स्वीकृत भएको छ। अतिरिक्त १ सय ६ सवारीसाधन खरिद गर्न ४५ करोड ३० लाख थप स्रोत अनुमतिसमेत उपलब्ध भइसकेको मन्त्रालयले जनाएको छ।

नेपाल प्रहरीले चालु आर्थिक वर्षमा कुल ८० करोड ४१ लाख बराबरका सवारीसाधन खरिद गर्ने तयारी गरेको छ। नियमित बजेटबाट खरिद गरिने १५६ सवारीसाधनमध्ये ७५ पिकअप भ्यान (नियमित गस्तीका लागि), एउटा प्रिजनर भ्यान, २८ वटा कार्यालय प्रयोजनका सवारीसाधन, ४१ वटा विद्युतीय सवारीसाधन तथा १० वटा एस्कर्ट पिकअप भ्यान रहेका छन्।

यस्तै अर्थ मन्त्रालयले सशस्त्र प्रहरीका लागि कुल ५९ सवारीसाधन खरिद गर्न स्रोत अनुमति दिएको छ। जसअन्तर्गत तीनवटा विपद् उद्धारका सवारीसाधन, ५० बोलेरो पिकअप भ्यान, तीनवटा दंगा नियन्त्रण ट्रक तथा दुईवटा एम्बुलेन्स रहेको मन्त्रालयले जनाएको छ।

## अवेक नेपालद्वारा कोटेश्वरमा सरसफाइ



